# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

६५
पू
र्णा
ङ्क

संशोधन–मण्डल

का. मे. अ. द. नं. १५५/२४९

तदिह न गुणदोषौ योजनीयावत्नीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[ धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला । ]

# पूर्णिमा

(इतिहास–प्रधान त्रैमासिक पत्रिका)

१७ वर्ष

१ अङ्क

सम्पादक–
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक–
देवीप्रसाद भण्डारी
(संशोधन–मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. २०।–

# हाम्रा प्रकाशित कृति

## संशोधन–मण्डलतर्फबाट

| | |
|---|---|
| १. पूर्णिमा १ देखि ६५ अङ्कसम्म | ४३८।५० |
| २. अभिलेख-सङ्ग्रह १ देखि १२ भागसम्म | ७।५० |
| ३. इतिहास–संशोधन | ५०। |
| ४. सावधान–पत्र | २५। |
| ५. विद्या–रक्षा | २०। |
| ६. व्याकरण–संशोधन | ३।५० |
| ७. पञ्चाङ्ग–संशोधन | १५। |
| ८. बुद्धिविनोद-प्रश्नावली र त्यसको उत्तर | २। |
| ९. रत्नदीप | २।५० |
| १०. वृत्तशतक | ३। |
| ११. नेवालसंवत्‌को राष्ट्रिय मान्यताको अनौचित्य | ५। |
| १२. श्री ३ महाराज पद्मशमशेरका कुरा | १२। |

## नेपाल-सांस्कृतिक–परिषद्‌तर्फबाट

| | |
|---|---|
| १. जयरत्नाकरनाटक | ८। |
| २. त्रिरत्नसौन्दर्यगाथा | १०। |
| ३. ऐतिहासिक–पत्रसङ्ग्रह (पहिलो भाग) | ४।५० |
| ४. ऐतिहासिक-पत्रसङ्ग्रह (दोस्रो भाग) | ३।५० |

## जगदम्बा--प्रकाशनतर्फबाट

| | |
|---|---|
| १. गल्लीमा पर्याँकिएका कसिङ्गर | ६।२५ |
| २. इतिहास–संशोधनको प्रमाण–प्रमेय | १८। |
| ३. श्री ५ पृथ्वीनारायण शाहको उपदेश (१–५ खण्ड) | ४१। |

## त्रि. वि. वि. पाठ्यक्रमविकासकेन्द्रतर्फबाट

| | |
|---|---|
| १. गोलबोध | १३।७२ |
| २. सुमतितन्त्र (त्रि. वि. वि. संस्कृत अध्ययनसंस्थानको आयोजनामा तयार भएको) | १०२।५० |

## नेपाल राजकोय – प्रज्ञाप्रतिष्ठानतर्फबाट

| | |
|---|---|
| १. पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति | १६।४० |
| २. प्राचीन र नवीन गणितको तुलना | १५। |
| ३. त्रिकोणमिति (ज्योत्पत्ति) | २५।२५ |
| ४. श्री ५ पृथ्वीनारायण शाहको उपदेशको संस्कृत तथा नेपाली पद्यमयी व्याख्या | २५।४० |

# विषयसूची


१. वि. सं. १७५७ देखि १९८६ सम्मको नेपालको इतिहासमा प्रकाश पार्ने ७० वटा अप्रकाशित तात्कालिक सामग्री — दिनेशराज पन्त १–५५

(१) काठमाडौंका राजा भूपालेन्द्र मल्लले ईश्वरीदत्त उपाध्यायलाई जग्गा दिई गरिदिएको ताम्रपत्र १–२
(२) भूपालेन्द्र मल्लले देवेन्द्र उपाध्यायलाई जग्गा दिई गरिदिएको ताम्रपत्र २
(३) पाटनका राजा सिद्धिनरसिंह मल्लकी छोरीका नातिहरूले राखेको अभिलेख २–४
(४) काठमाडौंका राजा जयप्रकाश मल्लले जग्गा बेचेको पत्र ४
(५) जयप्रकाश मल्लले गोसाईंहरूलाई गरिदिएको ताम्रपत्र ४–५
(६) युवराज प्रतापसिंह शाहले भगवतीवन गोसाईंलाई लेखिदिएको पत्र ५–६
(७) श्री ५ पृथ्वीनारायण शाहले कालु पाँडेलाई लेखेको पत्र ६
(८) नरभूपाल शाहकी छोरी पद्मकुमारीले मुद्दा छिनिदिएको कुरा परेको पत्र ७
(९) नुवाकोटकी भैरवीलाई श्री ५ प्रतापसिंहको तर्फबाट एक लाख बिल्वपत्र चढाउने कुरा परेको पत्र ७–८
(१०) रणबहादुर शाहको पास्नीको लागि खाने चीजबीज नुवाकोटबाट झिकाइएको कुरा परेको पत्र ८
(११) फागुको लागि नुवाकोटका धामी बोलाइएको कुरा परेको पत्र ८
(१२–१३) श्री ५ प्रतापसिंह शाहले गङ्गाधर पन्तलाई लेखेका दुइ पत्र ९
(१४) श्री ५ प्रतापसिंहको तर्फबाट देवीघाटमा बेलपत्र चढाउने कुरा परेको पत्र १०
(१५) श्री ५ प्रतापसिंह शाहको मृत्युपछि पटना पठाइएको पत्रको सारांश १०
(१६–२०) पश्चिमपट्टि राज्यविस्तारको क्रममा कालु पाँडेलाई वि. सं. १८३७ देखि १८५१ भित्रमा लेखिएका पाँच पत्र ११–१५
(२१–२५) पश्चिमतिरको सन्धिविग्रहको विषयमा गङ्गाधर पन्तलाई लेखिएका पाँच पत्र १५–१८
(२६) नुवाकोटका धामीखलकलाई कारा माफ गरिएको कुरा परेको पत्र १८–१९
(२७) श्री ५ रणबहादुर शाहले वि. सं. १८४० मा कालु पाँडेहरूलाई लेखेको पत्र १९–२०
(२८) गुल्मीका राजा शिवनारायण शाहले रजबन्धकी दिएको पत्र २०–२१
(२९–३०) पश्चिमतिरको बन्दोबस्तको बारेमा लक्ष्मीपति पाठकलाई लेखिएका दुइ पत्र २१–२२
(३१) श्री ५ रणबहादुर शाहले अमरसिंह थापालाई वि. सं. १८४८ मा लेखेको पत्र २२–२३
(३२–३३) वि. सं. १८५० मा जुम्लामा विद्रोह हुँदा लेखिएका २ पत्र २३–२४
(३४) पाताल हुन लागेको घर जोगाउने कुरा परेको पत्र २४
(३५) नुवाकोटका धामीका छोराले मानिस मार्दा दण्ड गरिएको कुरा परेको पत्र २५
(३६) नुवाकोटका धामीले सपनामा देखेको कुरा सुनाउन काठमाडौं आउने कुरा परेको पत्र २५–२६

(३७) वि. सं. १८५७ को नुवाकोटकाण्डसम्बन्धी पत्र २६
(३८) वि. सं. १८५७ को नुवाकोटकाण्डको कुरा परेको पत्र २६–२७
(३९) रणजित् पाँडे र रणकेशर पाँडेलाई देशनिकाला गर्दा पठाइएको बाटोको कुरा परेको पत्र २७–२८
(४०) वि. सं. १८५९ मा भएको भन्सारसम्बन्धी बन्दोबस्त २८–२९
(४१) पाल्पाबाट खोसी गुल्मीलाई मधेस दिएको कुरा परेको पत्र २९
(४२) काशीबाट रणबहादुर शाहले अमरसिंह थापालाई लेखेको पत्र २९-३०
(४३) रङ्गनाथ पौडेललाई गुरुपदवी दिई सर्वस्व फुकाइदिएको कुरा परेको पत्र ३०
(४४) अछामको व्यवस्थासम्बन्धी पत्र ३१
(४५) डोटीको व्यवस्थासम्बन्धी पत्र ३१–३२
(४६) पुरश्चरण गरेको रकम दिने कुरा परेको पत्र ३२
(४७) चार अदालतका डिट्ठा र छेभडेलको व्यवस्थासम्बन्धी पत्र ३३
(४८) भीमसेन थापालाई क्वोछेँटोलमा घरबारी दिइएको कुरा परेको पत्र ३३–३४
(४९) भेष फेरी कप्तान हेर्सी भोट पसेको कुरा परेको पत्र ३४–३५
(५०) गोरखालीहरूको अधिकारमा आएका राज्य ३५–३८
(५१) नुवाकोटदरबारमा गरिने बडादसैँको लागि राँगा खरीद गर्न पठाएको कुरा परेको पत्र ३८–३९
(५२) गन्धक ल्याउने कुरा परेको पत्र ३९
(५३) औषधिको लागि जडीबूटी खोज्न पठाएको कुरा परेको पत्र ४०
(५४) नुवाकोटको ऋषिवनको सुरक्षासम्बन्धी पत्र ४०–४१
(५५) बिरामी भएका नुवाकोटका धामीलाई औषधि गर्न काठमाडौँ बोलाइएको कुरा परेको पत्र ४१
(५६) वि. सं. १८९० देखि १९०२ सम्मको कुरा परेको टिपोट ४१–४२
(५७) श्री ५ राजेन्द्रकी जेठी छोरीको विवाहको गोडधुवा नुवाकोटका धामीखलकलाई माफ गरिएको कुरा परेको पत्र ४२
(५८) कोतपर्वसम्बन्धी टिपोट ४३
(५९) वि. सं. १९०३ देखि १९१२ सम्मको घटनाको टिपोट ४३
(६०) श्री ५ सुरेन्द्रको गादिममारख नुवाकोटका धामीखलकलाई माफ गरिएको कुरा परेको पत्र ४३–४४
(६१) चेतसिंह थापा र भवानीप्रसाद थापालाई घरबारी दिइएको कुरा परेको पत्र ४४
(६२) युवराज त्रैलोक्यको विवाहमा नुवाकोटका धामी बोलाइएको कुरा परेको पत्र ४४–४५
(६३) वि. सं. १९२५ मा एकजना ब्राह्मणीको क्रियाखर्च ४५–४६
(६४) नुवाकोट भैरवीको मन्दिर बनाउन क्वारा लगाइएको कुरा परेको पत्र ४६
(६५–६६) गोरखाको तल्लाकोटदरबारमर्मतसम्बन्धी दुइ पत्र ४६–५०
(६७) वि. सं. १९४२ को जनैपूर्णेको लागि हुने सरकारी खर्चको लगत ५०–५३
(६८) नुवाकोटका देवीहरूको मन्दिरको मरम्मतको लागि काठ झिकाइएको कुरा परेको पत्र ५३–५४
(६९) श्री ५ त्रिभुवनको राज्याभिषेकमा नुवाकोटका धामी बोलाइएको कुरा परेको पत्र ५४
(७०) चिनिया लामाको वि. सं. १९८६ को जाहेरी ५५

२. सोह्रौँ वर्षको आम्दानीखर्चको विवरण ५६

# वि. सं. १७५७ देखि १९८६ सम्मको नेपालको इतिहासमा प्रकाश पार्ने ७० वटा अप्रकाशित तात्कालिक सामग्री

– दिनेशराज पन्त

नेपालको शुद्ध र सम्पूर्ण इतिहास आजसम्म तयार हुन सकेको छैन । कलक्क हेर्दा इतिहास तयार पार्न सजिलो जस्तो देखिए तापनि विद्याका विभिन्न फाँटहरूको राम्रो पढाइ नचली इतिहास तयार हुन सक्तैन । यस कारण विद्याका विभिन्न शाखाहरूको जतिसक्दो बढ्ता रफत गर्न सकियो, त्यति नै राम्ररी इतिहास तयार गर्न सकिने हुन्छ । यस कारण विद्याका विभिन्न फाँटहरूको अभ्यास निरन्तर बढाउनुपर्छ ।

यसको साथै हाम्रो देशमा ऐतिहासिक सामग्रीको खोजी गरी त्यसलाई प्रकाश गर्ने काम पनि धेरै हुन सकेको छैन र इतिहास तयार पार्ने काममा यो पनि प्रमुख बाधाको रूपमा रहेको छ । यसैले आफ्नो शक्तिले भ्याएसम्म अप्रकाशित सामग्रीको सङ्ग्रह गर्ने र तिनलाई क्रमशः प्रकाश गर्दै जाने काममा म लागेको छु ।

वि. सं. २०३८ आश्विन–कार्तिकमा नुवाकोटमा अन्वेषण गर्न जाँदा मैले निकै सामग्री सारेको थिएँ । त्यसै गरी श्री ५ को सरकार परराष्ट्रमन्त्रालयमा रहेका निकै सामग्री वि. सं. २०३८ तथा २०३९ मा मैले सारेको थिएँ । यसरी सारेर लिएका सामग्रीमध्ये ७० थान पूर्णिमामा अहिले छपाएको छु । ज्यादै भ्रम पर्ने खालका, पत्रमा रहेका अशुद्ध रूपबाट भ्रम नपरोस् भनी शुद्ध रूपलाई सँगै कोष्ठभित्र हालिएको छ ।

यी सामग्री सार्दा मदत गर्ने श्रीरुक्मनाथ पौडेल र श्रीमनोज राजोपाध्यायलाई धन्यवाद छ ।

(१ सङ्ख्या)

## काठमाडौंका राजा भूपालेन्द्र मल्लले ईश्वरीदत्त उपाध्यायलाई जग्गा दिई गरिदिएको ताम्रपत्र

श्री १

१. ९ स्वस्ति ॥ श्रीमत्पशुपतिचरणकमलधूलिधू-

२. सरित ˎ श्रीमन्मानेश्वरीष्टदेवतावरलब्धप्रसा-

३. ददेदीप्यमानरघुवंशावताररविकुलतिलक-

४. हनुमध्वजनेपालेश्वरमहाराजधीराजसक-

५. लचक्राधीश्वरश्रीश्रीजयभूपालेन्द्रमल्लपर-

६. मभट्टारकदेवानां सदा समरविजयिनां

७. प्रसुतकुलसन (प्रभुठाकुलसन) बोहरापानिस चोड इश्वरी-

८. दत्तपाध्यानाम्ने संप्रदत्तं थानस्य वायव्य-

९. दीसि ऽप्रदोस खुपिब्यासि बूक्षत्रनामदेसे

१०. श्रीश्रीराजकुलक्षेत्रेन पश्चिमत त्रीरंबकेन
११. उत्तरतो दक्षिणतश्च देवहरिपाध्याकस्य
१२. क्षत्रेन पूर्वत ऐतेषां मध्ये यर्कात्रिशतिरोप-
१३. निक्षत्रे खेलगुवल कर्ष ३९ थते मय थलि वु-
१४. पि बिज्याङावो पादजी प्रसन्न जुलो. साछी
१५. सूर्य्य दृष्टि श्रीश्रीजयभास्करमल्लदेव
१६. संवत् ८२० ज्येष्ठसुदि १ शुभम्

[यस ताम्रपत्रको नकल नुवाकोट बोहोरापानीका श्रीमुकुन्दराज पाण्डेको सङग्रहमा छ ।]

(२ सङख्या)

## भूपालेन्द्र मल्लले देवेन्द्र उपाध्यायलाई जग्गा दिई गरिदिएको ताम्रपत्र

(छापमा)
श्री श्री
भू पा
ले न्द्र
म ल्ल

१. ߷ स्वस्ति ।। श्रीमत्पशुपतिचरणकमलधूलिधूसरित ˎ शिरोरुह ˎ श्रीमन्मानेश्वरीष्टदेव-
२. ता ˎ वरलब्धप्रसाद ˎ देदीप्यमान ˎ मानोन्नत ˎ श्रीरघुवंशावतार ˎ रविकूलतिलक
३. हनूमध्वज ˎ नेपालेश्वरमहाराजाधिराज ˎ राजराजेन्द्रसकलराजचक्राधीश्वर-
४. श्रीश्रीजयभूपालेन्द्रमल्लपरमभट्टारकदेवानां सदा समरविजयीनां प्रभुठाकूल-
५. सन ˎ बोहरापाणिस चोङ ˎ श्रीदेवेन्द्रपाध्यानाम्ने संप्रदत्तं ।। स्थानस्य वायव्यदिशि
६. प्रद्योशखूपिव्यासिनामबूक्षत्रनामप्रदेशे श्रीश्रीराजकूलक्षेत्रेन पश्चिमत ˎ ति-
७. रम्बकेन उत्तरतो ˎ दक्षिणतश्च देवहरिपाध्याकस्य क्षेत्रेन ˎ पूर्व्वतो एतेषां मध्य सप्त-
८. त्रिंशत्तिरोपनिक क्षत्राङ्कुतोपि बूरो ३७ षट्त्रिंशति वाटिका खेलगुवल कर्ष ३९ घल्या-
९. लिवलकर्ष ४ थ्वते मयथलि बू दुकास्य बिज्याङाव पादजि प्रसन्न जुस्य बिज्याङा ।। अत्र
१०. प्रत्रार्त्थे दृष्टसाक्षि श्रीश्रीजयभास्करमल्लदेवस ।। सम्वत् ८२० ज्येष्ठशुदि १ शुभ ।।

[यस ताम्रपत्रको सकल नुवाकोट बोहोरापानीका श्रीमुकुन्दराज पाण्डेको सङग्रहमा छ।
छाप पहिलो पङक्तिमा लेख शुरू हुनुभन्दा अगाडि लगाइएको छ ।]

(३ सङख्या)

## पाटनका राजा सिद्धिनरसिंह मल्लकी छोरीका नातिहरूले राखेको अभिलेख

१. नमः श्रीलक्ष्म्यै ।। कैलाशे गिराजा(गिरिजा) पुरोम(पुलोम)तनया पौरंदरे मंदिरे

२. सावित्रं सावित्री सवितुर्विधेर्भृगुमुने कन्या रमा माधवे सीता रामगृहे प्रभंन शशिनो
३. कार्ष्णे गृहे रुक्मिनी गंगा सा जलधौ तनोतु विभवं विष्णो प्रिया धर्मदा
४. गोपीनाथपदारविंदमधुपः सूर्य्यान्वये संभवो दानैः कर्णजितो
५. रणे रघुपती रूपै रतीशो जितः। यः कोटचाहुतिहोमधूमकलितै पूतः
६. प्रतीको ह्यभूत् प्राज्ञः सिद्धिनृसिंहमल्लनृपती राजाधिराजो महान्
७. आसीत्सुता सिद्धिनृसिंहभूपतेर्य्या भीमलक्ष्मीरभिधानतः स्मृता ।।
८. रमासमा सा सरसीरुहेक्षणा सुलक्षणा स्वामिधना विचक्षणा ।।
९. तस्या सुताया तनयो नृपस्य बभूव नाम्ना स च चक्रसिंहः सदा सदा-
१०. रस्य सदा शिवस्य पादारविंदे तनुतोस्मि भक्ति ।। यस्या प्रिया सती नाम्ना
११. फिकुनिरिति विश्रुता पतिसेवारता यस्यामासन् पुत्रा चतुष्टय
१२. प्रतापसिंहश्च तदीयसूनुरासीत्सुसीलः सुमुखः सुमेधा स्वकीय-
१३. संतानसरो च भास्वान्मंत्रिक्रियाकैरवकौमुदीशः । द्वितीय आसी-
१४. त्तनयस्तदीय स वीरसिंहश्च ततस्तृतीयः । बभूव विज्ञो जयभद्र-
१५. सिंहः सेवाप्रसन्नीकृतभूपसिंहः ।। आसीदानंदसिंहः समुदयहृदय-
१६. श्चक्रसिंहस्य सूनुश्चातुर्थश्चाटुबाटश्चतुरजनपटु न्द्रमा वर्ससिधौ ।।
१७. शूलेसौ शीलयुक्तः सचिवसमुदयाम्भोजराजी दिनेशः कृष्ण-
१८. स्यैवोद्धवो यः प्रियतमसचिवो योगमल्लस्य राज्ञः । तस्य प्रियासीत्प्रि-
१९. यभाषिनी धनलक्ष्मीश्च नाम्ना पतिदेवता वरा ।। लज्जावती पुत्रव-
२०. ती गुणैर्युता लक्ष्मीवती बुद्धिमती विचक्षणा ।। सुसंमतेनैव सतोल-
२१. लोकैर्ज्जलैर्विहीनाममृतैः प्रपूज्य प्रणालिका जीर्णगता नवीना-
२२. मानंदसिंहः कनकैश्चकार ।। अस्या प्रतिष्ठा खलु कोटिहोमके
२३. कृते ह्यभूद्योगनरेन्द्रभूभुजा ।। श्रीश्रीनिवासस्य सुतेन भूभुजः
२४. पितास्य वै सिद्धिनृसिंहभूपतिः । वर्षे शीतकराद्रिदति (शीतकरद्विदन्ति) वलिते
२५. नैपालिके माघके कृष्णे कामतितौ (थौ) शिवे शिवतरे योगेशशः-
२६. केहनि ।। तस्याः स्थापितवानमाप्रतिकृतिं कृत्वा प्रतिष्ठां तदा ।।
२७. पातुः स्वर्गतये मुदा तदुपरि स्वर्णा धनेष्ठान्विते ।। शुभम्भूयात् ।।

(पछाडिपट्टि अर्कै हस्ताक्षरले)

श्रीराजा सिद्धिनसिंह मल्लका छोरीपटीका नाती वीर योगेन्द्र मल्लले पाटन् सुनाहिटिटोलका धारा जिर्णोद्धार गऱ्याको

१. श्रीलक्ष्यै (लक्ष्म्यै) नमः ।। श्रीमाणिग्लाधिपति श्रीश्रीजयसिद्धिनरसिंह
२. माहाराजाकी छोरी भीमलक्ष्मी तन्का छोरा चक्रसिंह बाबु
३. तन्की स्त्री फिकुनिलक्ष्मी तन्का छोरा प्रतापसिंह बाबु वीरसिं-
४. ह बाबु जयभद्रसिंह बाबु आनंदसिंह बाबु एति चार भा-
५. ईले यो धारा बिग्रिरह्याको थाँउ यो सुनहितिटोलका मुर्दा

६. उठाउन्या गुठिहारसंग संमत गरि नेपाली संवत् ८२१ माघ-
७. कृष्ण त्रयोदशी १३ धनिष्ठानक्षत्र शिवयोग सोमवारका दिन
८. श्रीश्रीनिवास मल्ल महाराजाका छोरा श्रीश्रीवीर योगनरेन्द्र
९. मल्ल महाराजामा(महाराजाका) कोट्याहुति यज्ञमा मिसाइ यो सुनको धारा
१०. बनाई जीर्णोद्धार गरि दिवंगत अघि भनि गयाका चार भा-
११. ईका आमा फिकुनिलक्ष्मीको सालिक् गरि श्री ३ लक्ष्मीमूर्त्ति
१२. यो धाराको माथिबाट राषि प्रतिष्ठा गऱ्याको दिन भयो ॥ ॥
१३. यो धारा मुर्दा उठाउन्या गुठिहारले निदान गर्नुपर्छ ॥

[यस अभिलेखको नकल र उल्था परराष्ट्रमन्त्रालयको १५० सङ्ख्याको खाममा छ ।

यस अभिलेखको नेवारी भाग वि. सं. २०२३ मा पटनाबाट डिल्लीरमण रेग्मीद्वारा प्रकाशित, उनैको मेडिईभल् नेपाल् (मध्यकालको नेपाल)को ४ भागको २३७ पृष्ठमा छापिएको छ ।]

(४ सङ्ख्या)

## काठमाडौँका राजा जयप्रकाश मल्लले जग्गा बेचेको पत्र

श्रीः

स्वस्ति श्रीमत्पशुपतिचरणकमलधूलिधूसलितसिरोरुहश्रीमन्मानेश्वरीष्टदेवतावरलब्धप्रसाददेदीप्यमानमानोन्नतश्रीरघुवंसावताररविकुलतिलकहनुमध्वजनेपालेस्वरमहाराजाधिराजराजेन्द्रसकलराजचक्राधीश्वरनिजेष्टदेवदेवेश्वरीकृपाकटाक्षवलितविक्रमोपार्जितवारणाकरसमद्भूतगजेन्द्रपतिश्रीश्रीजयजयप्रताप(प्रकाश)मल्लदेवपरमभट्टारकदेवानां सदा समरविजयिनां तु प्रभुथाकुरसन नवकोटदेसया भिलुनाम्नेन प्रसादीकृतं. चुवालीबुक्षत्रनामसंज्ञकं श्रीराजन पूर्वदक्षिणत श्रीराजन कुह्यालया क्षेत्रेण पश्चिमत श्रीराजन मार्गेन उत्तरतो ॥ एतेषां मध्ये थ्वते चतुराघातनं बुचुवारीबु पचासरोपनीकं षेल षष्ठीकर्षपरिमितं क्षत्रांकतोपि बुरो ५० षेल कर्ष ६० ततः क्षत्रस्य यथादेसकालप्रवर्तमानसंचाराघेन सुवर्णमुल्यषट्नवयटंकाधिकएकसतएकसहश्रश्रीजयप्रकासमल्लिटंका ११९६ मादाय वतुकन्यायन क्रीविक्रीतं भवति. प्रतेत मोहलटंका ४०० श्रीन दुकास्य बिज्यान. बाकि श्रीश्रीन बकसीस प्रजन्न जुया. अत्र पत्रार्थे दृष्टसाछ्छि श्रीश्रीराज्यप्रकाशमल्लदेव.

सम्वत् ८६३ आषाढसुदि ६ देहि कर्ष २ धल्यालिकर्ष २ शुभम्

[यस पत्रको नकल नुवाकोटका धामी श्रीहरिमानसिंह डङ्गोलको सङ्ग्रहमा छ ।]

(५ सङ्ख्या)

## जयप्रकाश मल्लले गोसाईँहरूलाई गरिदिएको ताम्रपत्र

श्री १

१. १ स्वस्ति ॥ श्रीमत्पशुपतिचरणकमलधूरीधूसरीतशिरोरुहश्रीमन्मानेश्वरी-

२. ष्टदेवतावरलब्धप्रसाददेदीप्यमानमानोन्नतश्रीरघुवंशावताररवि-
३. कुलतिलकहनुमध्वजनेपालेश्वरमहाराजाधिराजराजराजेन्द्रसकल-
४. राजचक्राधिश्वरनिजेष्टदेवदेवेश्वरीकृपाकटाक्षवरितविक्रमोपार्ज्जित
५. वारनाकरसमुद्भुतगजेन्द्रपतिश्रीश्रीजयजयप्रकाशमल्लदेवपरमभ-
६. ट्टारकदेवानां सदा समरविजयीनां प्रभु थाकुरसन कमलवन गोसा-
७. यी लछमनपुरी गोसायी नेह्मया शिष्य छयछुयपनिस्त सिजल्पत्र
८. छाप तयाव चोयाव बिया. भाखा थोते थो नेह्म गोसायीयातं थोमि
९. बालगोपालयातं दुःख बिय मदु. थोमि डिहिसं बुसं दुःख बिय मदु.
१०. लुटपीट् याय मदु. थोमि सा मेस चोलस फँ क्षिक्षिस भुस ज-
११. क्वयु दुःख बिय मदु. लुटपीटं याय मदु. थोमी बुया ह्मोय परबति-
१२. या नेवार ह्मोयीत दुःख बिय मदु. लुटपीट् याय मदु. थोमी आ-
१३. मीगु ससिका युव वमितं दुख बिय मदु. लुटपीट् याय मदु. जि राज्य-
१४. भरि दुःख बिये मदु. थोगुलि अति जि राज्यया परमान उमराव सिपा-
१५. हि प्रजान मयातसा पंचमाहापातक लाक. रक्षा यातसा धर्म्मवृद्धि
१६. जुयुव. कदाचित् थो अति मयातसा श्रीश्रीटीकाधारीण सास्ति या-
१७. य माल. अत्र पत्रार्थे दृष्टसाक्षि श्रीश्रीजयज्योतिप्रकाशमल्लदेव ।।
१८. सम्वत् ८७० मार्गशिरशुदि ४ रोज ४ मोकाम श्रीकान्तिपुर ।। शुभ ।।

[यस पत्रको नकल नुवाकोट भैरवीका धामी श्रीहरिमानसिंह डङ्गोलको सङग्रहमा छ ।]

(६ सङख्या)

## युवराज प्रतापसिंह शाहले भगवतीवन गोसाईँलाई लेखिदिएको पत्र

श्रीदुर्गा सहाय १॰

श्रीबानेश्वर

१. स्वस्ति श्रीमन्महाराजाधिराजकुमारयुवराजकस्य रुक्का
२. आगे भगवतिवन् गोसाइके. भादगाउंको कमलवन् गोसाइं-
३. ले राष्याको – – – – को गुठ षेत रोपनि उनासय जवा दुइ अं-
४. केपी ९९।। घर षेतको भेटघाट लिइंउं. घर बारि षेत डिही
५. लगासमेतको कुसहि बिसहि पोता पचिसा सलामि बांधा
६. बिर्त्ता सभ माफ् गरिबक्स्यौं. आफ्ना षातिरजामासंग घर षे-
७. त मठ गुठ सधावर्तको चलन् गर. क्षारा उघाउ पघाउनि ओ-
८. लक् माफ् गरि तांवापत्रको सहि थामिबक्स्यौं. षातिर्जमासंग चलन्

९. गर. आश्विनवदि ११ रोज १ मुकाम काठमाडौ शुभम्————

(पछिल्तिर)

मार्फत् बैजनाथ विष्णुशंकर

[यस पत्रको सकल नुवाकोटका धामी श्रीहरिमानसिंह डङ्गोलको सङग्रहमा छ । पहिलो पङक्ति शुरू हुनुभन्दा अगाडि छाप लगाइएको छ ।]

(७ सङख्या)

## श्री ५ पृथ्वीनारायण शाहले कालु पाँडेलाई लेखेको पत्र

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानो-
२. न्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेपृथ्वीनारायण(साह)बहादुरसम्सेरजङदेवाना-
३. म् सदा समरविजयिनाम्————
४. स्वस्ति श्रीराजभारासामर्थ श्रीकालु पांडेके प्रणामपूर्वकपत्रमिदं. आहा कुशल. ताहा
५. कुशल चाहिये. आगे आहाको समाचार भलो छ. उप्रांत पत्र आयो. अर्थ मालुम् भयो.
६. तेतातिरको बिस्तार लेषि पठाईछस्. बिस्तार सुन्यौ. कास्किलाई र तनहुंकोट्याला-
७. ई जसो गरि हुन्छ. चांडो मिलाई देउ. पिउठाना गुल्मि गोर्षाका मिलाउदा क्याहा मिलैनन्.
८. मिल्नान्. चांडो मिलाई देउ. उप्रांत पिउठाना लैजानाकन चिज वस्तु बिंति गरि पठाईछस्.
९. बढिया. तेस् वस्तुको तलास् गरि सब वस्तु लिकन मानिस् पठाउंला. उप्रांत नबापका
१०. फौज पाल्पाका नवाकोट्साहा चढ्यो भन्या षबर आईरहेछ. त्यो कसो हो. मानिस् पठाये-
११. र निस्तुक् बुझि बिंति गरि पठाव. बांकि माझिलाले तांहा ब्यांसिपुढो बस्न्या होईन. चांडै सू-
१२. रमाहा प्रवेश गरिहाल्न्या हो. तसर्थ माझिलाक्षौ बिंति गरेर तन्हौंका शूरमहा प्रवेश गराई हा-
१३. ल. शूरमा नपुगंज्याल अर्कालि षेड गरौ भन्या षेड लाग्छ. प्रवेश त गरिहाल्न्या हो. उप्रां-
१४. त पर्वत्या राजा काहां छन्. त्यो बुझेर बिंति गरि पठाव. बाकि हेमन् महतारा र लोहासुर
१५. थापा काहा छन्. त्यो पनि बुझेर बिंति गरि पठाव. बांकि तन्हौंकोट्या माझिलालाई तांहाका
१६. बाहुन् षस् मगरले राजा भनि मान्याको छु कि छैन. बांकि तन्हौंका षान् षवास् र मध्येस्या मा-
१७. झिलातिर छन् कि सांझिलातिर छन्. त्यो पनि बुझेर बिंति गरि पठाव. उप्रांत सुरप्रताप साह
१८. कांहा छन्. क्या गर्छन्. क्या व्यवस्थामाहां छन्. त्यो निस्तुक् बुझि बिंति गरि पठाव. उप्रांत पि-
१९. उठानि राजाको र पर्वत्को कदाचित् मिल् गर्न दिनु छैन. विज्ञेषु किमधिकमिति. माघवदि ८
२०. रोज ४ मुकाम् काठमाडौ शुभम्————

[यस पत्रको नकल परराष्ट्रमन्त्रालयको ९ सङखयाको खाममा छ।]

(८ सङ्ख्या)

## नरभूपाल शाहकी छोरी पद्मकुमारीले मुद्दा छिनिदिएको कुरा परेको पत्र

श्रीदूर्गासहाय

१. स्वस्ति श्रीश्रीश्रीमैजांसाहेबकस्य लिषापत्रम् – – – –
२. आगे नवाकोटचा मुरलिधर पांडे र वंसिधर जैसि पलास्या
३. षेतबापत् बाझि आया. कहनि सुनाया. विडि हाल्या. विचारि
४. श्रीवंसराजज्यु श्रीतुलाराम षकुराल श्रीविष्णुसिंह श्रीजय-
५. नारायन पर्धान बाउंन बहत्तरि पांच बसि कुरा बुझिंं. नौ स-
६. य सिक्का ९०० मध्य पलास्या षेत छबिस १२० गावं घड्या-
७. रि १ ब्यासि डिहि २ समेत सुक्रबिक्र प्रछिन गरि अघि वंसि-
८. धर जैसिले दियाको रहेछ. ससिधर पाडेले लियाको रहेछ.
९. दलाल भया र भाइको र पांचको गौराइ चुक्याको रहेन-
१०. छ. तस् अर्थ ढुंगो छुवाइ दलाल भयार हांम्रा हजूर च-
११. ह्राया सिक्का ९० भाइको र पाचको गौराइ सिक्का ४५ चु-
१२. काया. दाताकन दौरा षास्टो भनि सिक्का ६० लाइदिजु. इ-
१३. ति सम्वत् १८२८ आषाडवदि १३ रोज ३ सुभम् – – –

(शुरूमा)

श्रीमैयासाहेब्का हजूरमा कुरा सुनि छिनिदियाको कागत्का नक्कल – – – –

[यस पत्रको नकल नुवाकोट बोहोरापानी बस्ने श्रीमुकुन्दराज पाण्डेको सङ्ग्रहमा छ।]

(९ सङ्ख्या)

## नुवाकोटकी भैरवीलाई श्री ५ प्रतापसिंहको तर्फबाट एक लाख बिल्वपत्र चढाउने कुरा परेको पत्र

श्रीदुर्गा सहाय १

श्रीदुर्गा

भवानि

श्रीभैरवि

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का ══════
२. आगे ज्ञानदेउ धामिप्रति. गाउ – – – कन येक लाष बिल्वपत्र चह्रा-

३. वन जना २ बाडालाई पठाईदियाको छ. धामिषलकलाई येक
४. लाष बिल्वपत्र १००००० टिपाई – – – कन बाडाका मतसित चह्रा-
५. उ सर्वथा. ईति सम्वत् १८३२ आषाडसुदि ८ रोज ५ शुभम्

[यस पत्रको सकल नुवाकोट भैरवीका धामी श्रीहरिमानसिंह डङ्गोलको सङग्रहमा छ ।]

(१० सङख्या)

## रणबहादुर शाहको पास्नीको लागि खाने चीजबीज नुवाकोटबाट झिकाइएको कुरा परेको पत्र

श्रीदुर्गा सहाये १

श्रीदुर्गा

भवानि

श्रीसाहबजादा

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का = = = = = = =
२. आगे षिच्याटारका बितलब्या माझिप्रति. मंसिरका दिन २२
३. जादा - - का अन्नप्रासनका दिन ठहरियो. तस्कारण साउं-
४. न्याकागुका रितसंग षसी बोकया घिउं तेल सागपात् प्रस-
५. स्त गरि मंसिरका दिन २१ जादा काठमांडौ दर्बार ल्याई पुऱ्या-
६. व सर्वथा. ईति सम्वत् १८३२ साल मार्गसिरवदि १२ रोज १ सुभम्

[यस पत्रको सकल नुवाकोट माझीटारका श्रीरामबहादुर माझीको सङग्रहमा छ ।]

(११ सङ्ख्या)

## फागुको लागि नुवाकोटका धामी बोलाइएको कुरा परेको पत्र

श्रीदुर्गा सहाय १

श्री दुर्गा

भवानि

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का =
२. आगे किष्णप्रति. ईहा फागुको गिदसिकन मोहो-
३. र देषत काठमाडौ आई पुग्. सम्वत् १८३२ फागु-
४. णवदि ३ रोज ४ मुकाम काठमाडौ शुभम् =

[यस पत्रको सकल नुवाकोट भैरवीका धामी श्रीहरिमानसिंह डङ्गोलको सङग्रहमा छ ।]

(१२ – १३ सङ्ख्या)

## श्री ५ प्रतापसिंह शाहले गङ्गाधर पन्तलाई लेखेका दुइ पत्र

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरूदावलीविराजमानमानोन्नतश्रीमन्म-<br>
२. हाराजाधिराजश्रीश्रीश्रीमहाराजेप्रतापसिंहसाहबहादूर्सम्सेरर्जंदेवनाम्सदा संमरविजयीनाम्———<br>
३. स्वस्ति श्रीसर्वोपमाज्योग्ये राजभारासामर्थ श्रीगंगाधर पंथके प्रणाम्पूर्वकपत्रमिदं. जाहा कुसल. ताहा<br>
४. कुसल चाहिये. पत्र आयो. अर्थ मालुं भयो. इहाको समाचार भलो छ. उप्रान्त पर्वत लम्जुंका भला मानी-<br>
५. स् गोर्षा आउदैनन्. काजि जेठाबुढाहरुले सरान्र लम्जुं जादा प्युठाना कास्कि पनि रहदैनन्. पर्वत्भी-<br>
६. त्र पस्तछं. प्युठाना कास्कि निषिकन पाया पर्वत् लम्जुंले गोर्षा रोजदैन भनि लेष्याछौ. योग्य हो. वंसरा-<br>
७. ज् पाडेले पनि दाम् हाम्रो काम् उन्को अघि जानु पनी हामीले घा भन्याको ता बरोबर पारि गरीन्छ. तस्<br>
८. निमित्य ससिधर्पाध्या रामकृष्ण जैसि आयापछि दाम् हाम्रो काम् तम्रो मानिस बरोबर पार्न्या अर्थ गरि<br>
९. विस्वेस्वर पाध्याकन भनि लम्जुं पठाउछौ. हाम्रो दिल् बुझ्न्या गरी पठाया जाउला भनी पठायेछ. योग्यै बि-<br>
१०. न्ति गरी पठायेछ. घा भन्याको बरबर पारि गर्न्या हो. बरोबर पारि गर भनि हामिले वंसराज पाडेलाइ ले-<br>
११. ष्याको छ. दिल बुझ्न्या गरि लंजुंले नपठाया काजीहरु जान्याछैनन्. तिमि पनि ताहि छौ. काजीह-<br>
१२. रुसग बसि जतातिर घा बनि आउछ. मतोले उतैतीरको काज गर. किमधिकं. इति भाद्रवदि १२ रोज १<br>
१३. मुकाम् कान्तिपुर शुभम्———

श्रीभैरवी

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्म-<br>
२. हाराजाधिराजश्रीश्रीश्रीमहाराजप्रतापसिंहसाहबाहादूरसम्सेर्जंदेवानांम्सदा समरविजयिनाम्———<br>
३. स्वस्ति श्रीसर्वोपमायोग्य राजभारासामर्थ श्रीगंगाधर पंथके प्रणाम्पूर्वकपत्रमिदं. इहा कुसल. ताहा<br>
४. कुसल चाहिये. आगे पत्र आयो. अर्थ विदित भयो. इहाको समाचार भलो छ. उप्रान्त कास्किका भला<br>
५. मानिस् थरघर ल्या भनि हुकुंम् भयो र कास्किका थरधर भला मानीस् जुम्ला प्युठाना धुर्कोट्का<br>
६. भला मानीस्समेत मस्र्यांदिका छालसम्म ल्याइ पुऱ्याजा भनि बिन्ति गरि पठायाछौ. बोल्याको पुऱ्या-<br>
७. यौ. बनायौ. बांकि कास्किसग छालमाहा कस्यारिब्यासिमहा षोजनु षोजाउनु गरि कुरो बलीयो गरि<br>
८. बाधि चलावन आटियो र काजि वंसराज पाडे सीवानंद जैसिलाइ तहा पठाइउ. कास्किसग कुरो बलीयो<br>
९. बाधि तब लम्जुं चिनाउनुछ. लंम्जुंसग पनि मिठो पारि बोल. घा ता कास्कि समाउन आटियो. अघि<br>
१०. लम्जुं चम्क्याउ. जोगिमारा उपद्रांगको धर्मपत्र बलीयो गरि षोज. उप्रान्त – – – थान विश्रासय<br>
११. भोग चऱ्हाउन जलसिकार गर्ननिमित्य नुवाकोट्सम्म आइउ. विग्येषु किमधिकं. मिति चैत्रवदी<br>
१२. ११ रोज ७ मुकाम् नुवाकोट् शुभं———

(छेउमा)

१. हामि पनी मनाक बस्तौन. नैपाल<br>
२. जान्छौ.

[यी पत्रका नकल परराष्ट्रमन्त्रालयको ४९ सङ्ख्याको खाममा छन् ।]

(१४ सङ्ख्या)

## श्री ५ प्रतापसिंहको तर्फबाट देवीघाटमा बेलपत्र चढाउने कुरा परेको पत्र

श्रीदुर्गा सहाय १

श्री दुर्गा

भवानि

श्री ५ देवी

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का = = = =
२. आगे नयांकोट्का ज्ञानदेउ धामिप्रति. – – – घाट
३. बेलपत्र चह्राउंनकन छत्रपति बाडा आउंछ. दिन प्रति
४. बेलपत्र टि[पि] गनिकन नित्य पुर्याउन्या गर. इति सम्वत्
५. १८३३ साल अगहनशुदि ४ रोज ७ मुकांम कांतिपुर शुभम्

[यस पत्रको सकल नुवाकोटका धामी श्रीहरिमानसिंह डङ्गोलको सङ्ग्रहमा छ।]

(१५ सङ्ख्या)

## श्री ५ प्रतापसिंह शाहको मृत्युपछि पटना पठाइएको पत्रको सारांश

१. श्रीमाहाराजधिराज रणबाहादुर साहबाट पटनाका राजा
२. बाहादुरलाई सम्वत् १८३४ मा लेषी गयाको चीठीको मुद्दा
३. मार्ग महीनामा बुबाज्यू स्वर्गवास् हुनुभयो. सो कुराको अफसोस् लेषी
४. नीरबाहा छैन. इश्वरका इक्ष्यामा कसैको केही नलाग्न्या रहेछ.
५. काजक्रया सकेपछि बुबाज्यूका गद्दीमा बस्न्या काम् भयो.
६. बुबाज्यूको र तपाजीको अघी जस्तो दोस्ताना थीयो. तेस्भं-
७. दा ज्यादा मलाई दोस्ती भनि सम्झी चीठीपत्र बराबर लेषनु-
८. होला. अघीको रुँ तेस्तर्फको केही कामकुरो परी आयामा
९. सो काम्कुरा गर्नालाई तत्पर हुनुहोला भंन्या आसा छ.

(पछाडिपट्टि अर्को पत्रमा)

सम्वत् १८३४ साल् मार्गवदी २ मा श्रीमाहा[रा]जा सींहप्र[त]ाप् मुक्त भयाको रणबाहादुर साहबाट राजे गरीबक्सैको कुरा अजीमाबाद अर्थात् पटनाका राजालाइ लेषी गयाको

[यो पत्र परराष्ट्रमन्त्रालयको १४३ सङ्ख्याको खाममा छ।]

(१६–२० सङ्ख्या)

# पश्चिमपट्टि राज्यविस्तारको क्रममा कालु पाँडेलाई वि. सं. १८३७ देखि १८५१ भित्रमा लेखिएका पाँच पत्र

१. स्वस्ति श्रीगिरिराजचक्रचूदामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमा–
२. नोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीमहाराजेरणबहादूर्साहबहादूर्सम्सेजङ्गदेवानाम्
३. सदा समरविजयिनाम् – –
४. स्वस्ति श्रीसर्वोपमायोग्य राजभारासामर्थ श्रीकालु पाडेके सलामपूर्वकपत्रमिदं. इहा
५. कुसल. ताहां कुसल चाहिये. पत्र आयो. अर्थ मालुम भयो. आगे इहाको समाचार भलो छ.
६. उप्रांत पश्चिमतिरको हालहकिगत बिंति गरि पठायाछौ. बिस्तार मालुम भयो. तल्ला
७. नालसित घाको भर हामिले तत्रै राष्याको छ. बुरुतु बु-
८. ऋावनु भयाको षबर बिंति गरि पठाउन्या गर. तुम्रा अर्थकन एस् साल नदिउ भन्याको
९. होइन. चलन्चाजाले तस्तै पन्यो तयनि दिल उदारा(स) गर्न्यापर्दैन. यस् घरका पाडे हौ. स-
१०. मये पनि बिहायो. षानादानाका अर्थकन उचो तिषो गरिबक्सौंला. हालकन षर्च पनि
११. बक्स्यौंला. षातिर्जामासित बस. पारितिर मानिस् हाल. सैसमाचार बिंति गरी पठाउ-
१२. न्या गर. भर्तम्रो छ. विज्ञेषु किमधिकं. संवत् १८३७ भाद्रवदि १० रोज ६ शुभम् =

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानो-
२. न्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादुरसाहबहादुरसम्सेरजङ्गदेवा-
३. नाम् सदा समरबिजयिनाम् – –
४. स्वस्ति श्रीसर्वोपमायोग्य राजभारासामर्थ श्रीकालु पांडेके सलाम्पूर्वकपत्रमिदं. इहा
५. कुसल. ताहा कुसल चाहिये. पत्र आयो. अर्थ मालुम भयो. आगे इहाको समाचार भलो छ.
६. उप्रांत पश्चिम्तिरको कुन्हिकुन्हाउ पनि गर्नु. बिग्र्याका ठाउ सपार्नु. सप्र्याका ठाउ थाम-
७. नु. कालिपश्चिम्को मामिलो गर भनि मर्जि आउदा बिग्र्याको पनि हेर्दै थिञुं. मामिलत्
८. पनि गर्न लाग्याथ्युं. निसिभुजिलाई षतम् गरि बान्ह हजार दंड दुई हजार रुपैया ढाक्र्या बु-
९. ऋाई दस हजार रुपैया सर्कार चन्हाई पठाउला भनि अंाट्याको थियो. पगरिले गन्याको बिस-
१०. हि भयो त पगरि लागु सम् आउछु भनि बिंति गरि पठायाछौ. बिस्तार मालुम भयो. इहाबाट
११. पगरिको बिसहि गन्याको होईन. कालिपश्चिम गर्नु भन्नु तिमि गर भनि ३।४ मोहर पठाया-
१२. थ्युं. २ सर्दार नमिल्दा च्याताच्यात गर्दा सर्कारको कौडि बगला भन्नानिमित्ते एताबाट मानिस्
१३. पठायाको हो. दुष मांनुपर्दैन. ताहा कुन्हन्या ढाक्र्यालाई १२ हजारमध्ये २ हजार रुपैया देउ. १० ह-
१४. जार टिकाराम पाध्या धंजै पाध्या हतमनि सुबेदार हात चह्राइ पठाव. कालिपश्चिमको गर्नु भं-
१५. नु हिजो पनि पत्याईकन बक्स्याको हो. आज पनि पत्यायैको छ. गर. उप्रांत पोरका साल पज-
१६. नि गर्न्या हो. विवाह् हुंदा दुनियालाई चुमाउन् लाग्दा पजनि थामियाको. अब माघवढो पज-
१७. नि छिन्नु छ. पजनि चलाउदा तिमिलाई झिकौंला. बाकि मधेसमा ऋरिकन पनि का-
१८. ज गर्छौं भनि फौजाले बिंति गरि पठायेछ. मुष्य फौज औलामा हाल्नुछैन. तेताको काज गर्दा

१९. पक्को पारि गर्नु. आजै अगुताई गर्नु छैन. बलियै गरि गरियेला. उप्रांत पारथ भडारि भोटम-
२०. हा प्रपंच गरेछ र तेस्को षायल पर्वत्या ठाइलालाई सर्दारि मानको पगरिको षायेन्(ल्)जो
२१. हो. बक्स्यौं. टिकाको सायेत् गरि दर्शन गर्‍यां. इहांउप्रांतको काजलाई तिमिलाई झिका-
२२. ई मतले काज गरौला. तेताको हालसुरत् लेषि बिंति गरि पठाउन्या गर. संवत् १८४६
२३. साल आश्विनसुदि १२ रोज ५ मुकाम् कांतिपुर शुभम् – – –

[यी पत्रका नकल परराष्ट्रमन्त्रालयको ७५ सङ्ख्याको खाममा छन् ।]

श्री

जमुना श्रीबद्रीनाथ

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नत-
२. श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादुरसाहबहादुरसम्सेरजङदेवानां सदा सम-
३. रविजयिनाम् – –
४. स्वस्ति श्रीराजभारासामर्थ श्रीकप्तान कालु पांडेके सलाम्पूर्वकपत्रमिदं. जाहा कुशल. ताहा
५. कुशल चाहिये. पत्र आयो. अर्थ मालुम भयो. आगे जाहांको समाचार भलो छ. उप्रांत जेठका १२
६. दिन जांदा दुनमा पराक्रम साहि श्रीमोड्याको मैदानमा लडाजि भयाको र अढाई सए मानिस् दु-
७. वै तरफका लोत् रह्याको. तस्तै बिचमहा गढको रामेश्वर देवान मरहटाछेउ अगावै मद्दत् माग्न ग-
८. याको रहेछ र फौज तोप ली पराक्रम साहिछेउ सामेल हुदा श्रीमोरको फौज इश्वरिसिंसमेत् भा-
९. गि – – पार गयाको. मरहट्टाको फौज दुनमा छ. – – को दर्शन गर्न आउछ भंन्या षब-
१०. र छ भनि बिंति गरि पठायाछौ. मालुम भयो. उप्रांत तेहि दुन गढलाई दिउ र श्रीमोरको र गढ-
११. को मिलाप कैल्हेई हवैन सधै वैरत्वै रहला भनि अघिका भारादारले दियाको रहेछ. आज मरहट्टा-
१२. का मिलाउदा कस्को घटाई कस्को बढाई मिल्या. सांधका राजा मिल्याचांहि फुट्याको हामिलाई
१३. बढिया हो. कति काजले मिल्याछन्. बुझि बिंति गरि पठाव. उप्रांत गढको नौ हज्जार सालिना लिन
१४. हाम्रा मानिस् पठाउथ्यौं. हाम्रा वकिल पनि पठाउछौं. सालिना पनि चन्हाई पठाउला. जसै जा-
१५. हा आइपुग्ला. हाम्रा भला मानिस् साथ लाई चन्हाई पठाउंला भनि बिंति गरि पठायाछौ. सालिना
१६. भन्या आयेन. वकिल चिठिपत्र सरसौगात भन्या आईपुग्यो. त्यो नौ ९ हजार सालिना मिठो पारि झि-
१७. कि चन्हाई पठाउ. वकिललाई पनि चिठिपत्रको जर्जवाप मिठै पारि पठाउछौं. हिजो बोल्या बांध्याको
१८. गढले सांच राषंज्याल हामिले पनि तिनसँग सांच राषनै छ. तम्रा वकिल वांहां राष. उनका वकिल ति-
१९. मिछेउ राष. लालमोहर बक्सि पिछा लियाको छ. तिह्रोंह पनि सबै कुरामा मिठै राष. बांकि तिला म-
२०. हाजनको ६ सय रुपैयाको जिनीसि लि लंगुरमा भारादारले मर्न्या मान्यालाई षर्च दियाको रहेछ.
२१. नह साहले दियनन्. महाजन देवाला भयो भनि बिंति गरि पठायाछौ. जाहां भारादारछेउ सोध-
२२. दा गान्हामा लियाको हो. महाजन्को धन् बक्सनै हो भनि बिंति गर्‍या र अघिल्ला चिठिमा पनि सु-
२३. ब्बालाई महाजनका ६ सए रुपैया तिरिदेउ भनि लेषि पठायाको हो. एस् पाला पनि लेषि पठा-
२४. याको छ. तिरिदिनान्. बांकि डिल्लिका ईषबारनविस्ले कलकत्ताको टेपुनायकको वगिको पुना
२५. सताराको सब हकिगत् लेषि योगनारायण मल्लका नाउमा र मेरा नाउमा फार्सिको चिठि पठा-
२६. याको रहेछ. हिंदुवि उतारि नकल् चन्हाई पठाउला भनि मुन्सिछेउ उतारन दियाको त नरू
२७. साहले षोसि लिया. उनैबाट जाहेर होला भनि बिंति गरि पठायाछौ. आपस्मा कस्तै

२८. झगडा पऱ्या पनि हाम्रा काजमा मिलिजुलि अधिका भारादार पनि काज गर्थ्या. आज तिम्हेरु पनि
२९. मिलिजुलि काज गर्न्या गर. आपस्मा फाट्याको देसले चाल पाया हाम्रो पनि बिग्रन जाला.
३०. तिम्हेरु पनि जस पाउन तस अर्थ मिलिजुलि काज गर्न्या गर. उप्रांत डोटिका पाहाड साहिला-
३१. इ अधिको आफ्नु चलन चल्याको मुलुक् थामि थप् छान्नु थलारो घालि एति मुलुक् र अधि-
३२. को कबुलियत् सालिन्ना नौ ९ हजार रुपैया मेटि २ कंम्पनि तिलंगालाइ सालिना २४ हज्जार भ-
३३. र्नु गरिबक्स्यौं. २ कंपनि तिलंगा र जसिवंत भडारि सर्दार मस्यांदिपश्चिमका सुब्बा उमरा द्वा-
३४. ऱ्या झारा लि बिदा गर्छौं. जाहापछि बम् साहले षायाको पल्टन्मा कप्तान् पऱ्याको छैन. कप्
३५. तान घालि ताहा पाल्हो दिन बिदा गरौंला. बाकि चिन जान्या हाम्रा काजिहरु र ढेवा २ जना कार्ति-
३६. कका २ दिन जांदा नुवाकोट् आईपुग्या. केहि भारि पछि रह्याका रह्याछन् र पछिका भारि
३७. सामेल गरि दर्शन गर्न आउंला भनि बिंति गरि पठायाछन्. ति आई बस्उठ् गरि वाहाको सबै बि-
३८. [व]स्ता पछि लेषि पठाउंला. बांकि तिम्रा दर्माहा आजसम्मको चुक्ति गरि चार हजार ४००० रु-
३९. पैया तिम्रा भाइछोराका हात सौंपिदिञौ. इति संवत् १८५० साल मिति कार्तिकवदि २ रोज २
४० मुकाम कांतिपुर राजधानि शुभम्

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुडावलीविराज-
२. मानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूरसाहबहादु-
३. रसम्सेर्जङ्गदेवानाम् सदा समरविजयिनाम् – – –
४. स्वस्ति श्रीराजभारासामर्थ श्रीकपतान् कालु पांडेके सलामपूर्वकपत्रमिदम्. इ-
५. हा कुसल. तांहा कुसल चाहिय. पत्र आयो. अर्थ मालुम भयो. आगे ईहाको समचार
६. भलो छ. उप्रान्त मोडिया र गुलेरिया मिली दुन् हान्न आयाको. एताबाट गढको फौ-
७. ज र उताबाट मर्हट्टा आई घेरा दियाको बिस्तार. तिम्रा पल्टन्का कोम्पनिको षर्चस्
८. बिंति गरि पठायाछौ. मालुम भयो. उप्रांत दुनमा गढको र श्रीमोरको अघिदेषि पनि
९. ला ग्लाग्यैको हो. जस्बाट दबाउ होला. हारन्याले तिम्हेरुछेउ गुहार मागन आउन-
१०. न्. तेस्मा हामिछेउ साधनाको तथा राषनु. जाहा बिंति गरि पठाउनु. उतातिरको स-
११. हि समाचार बुझनाकन हल्कारा पठाउदै गर्नु. बांकि एस् पालाको चिठिमा हर्क-
१२. देव जैति महिन्द्रचन् धामाबुढाको एस् ठाउमाहा छन्. एस् उद्दिम्मा लाग्याका
१३. छन् भनि केहि समाचार लेषेनछौ. भोटको बंदोबस्त क्या गरेउ. तांहापछि कुमाउ-
१४. का रैतीकन नरु साहले सान्है दुष दिया. बहुतै बेजाई गऱ्या र रैती सबै भागि कुल
१५. पनि तेसै अर्थले भयो भन्नाको षबर जति मानिस् तांहांबाट आंउंछन्. तेसै भंछन्.
१६. कसो हो. तिमिहरु क्याहा लेषतौन. सबै बुझि बिस्तार लेषि बिंति गरि पठाउ. क-
१७. म्पनिका अर्थकन जागिर भन्याको सारफेर हुदैछ. भादगाउमा चौताराभित्र जां-
१८. दा तस्को साटो धादिङमा बक्स्याको छ. घटायाको र षोस्याको छैन. सिपाहि क्या-
१९. न हड्बडाउछन्. बांकि प्रेमनारां षनालको छापको मोहोरका अर्थलाई ठिमि-
२०. को अंबल हो. जयनरसिं भन्या पटना गयाको छ. आईपुग्ला र सोधि पुछि मोहो-
२१. र गरिपठाउंला. तिम्रा दर्माहाका अर्थकन तम्रा घरबाट भाईछोराले चिठि ले-

२२. ष्छन् लेष्तैनन्. चिठि लेष्छन् भन्या उतैबाट सुन्या हौं. लेष्तैनन् भन्या सा-
२३. लवसालको दर्माहा जाहा हामिले बक्स्यैको छ. तिम्रा अर्थकन जाहाबाट अज-
२४. प् र श्रीनाथ नजा गोरष् दुर्गाबकस् तारादल् कम्पनिस्मेत् बिदा गरि पठा-
२५. उछौं. ई ताहा पुग्यापछि तांहांको कैफियत् देष्याको बुझ्याको सुन्याको आफ-
२६. नु जानत्भरको अऱ्हाउनु सिकावनु गरि आफ्नु पल्टन्स्मेत् ली आया. ईति सम्व-
२७. त् १८५० साल फाल्गुणवदि १२ रोज ५ मुकाम कांतिपुर शुभम्

श्रीबडामहाराजा

श्रीबद्रिनाथ

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्म-
२. हाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादुरसाहबहादुरसम्सेरजङ्गदेवानाम् सदा समरविजयिनाम्
३. स्वस्ति श्रीसर्वोपमाजोग्य राजभारासामर्थ श्रीकप्तान् कालु पांडेके सलामपूर्वकपत्रमिदं. जाहा कुस-
४. ल ताहां कुसल चाहिये. पत्र आयो. अर्थ मालुम भयो. आगे जाहांको समाचार भलो छ. उप्रान्त रामपुरका न-
५. वाब मर्दा उनका छोराहरुसंग लषनौका नवाबको तकरार पर्दा उनदेषि भय मानि महिन्द्रचन्लाई
६. कुमाउं तम्रो उकासिदिन्छौ. भिमताल छताषा कोटा महिन्द्रचन्ले लेषिदियो. दोहोरो धर्म पनि भयो. दु-
७. न्को लाग् श्रीमोड्ले छाड्यो. गढले अम्बल् गऱ्यो. कांगडा श्रीमोड गढ जैसि महिन्द्रष(च)न् दिप साहि ऐतिको मतो भ-
८. यो. – – – को जो भयाको षजाना पनि लैग्या. विजयादसमीको सायत गरि काज गर्न आंट्या. आफ्ना जगाको
९. संभार राष भनि पंडाले पठायाको षबर. जयंत षत्री जमादारलाई रुपैया लिन गढ पठायाको. कंपनिका षे-
१०. त षुवा काटिंदा सिपाहि विमना भयाको. बहालसुबा नआईपुग्दा तागिरिसुबाले षर्चवर्च नदियाको र दे-
११. सका राजाछेउ नभयाका कुराको गिल्ला गऱ्याको. कुमाउ भन्याको भारि फउज राषन्या जगा रहेछ. हामिले
१२. कुन्हदा कसै भयो न(त)पनि अब पठाउंदा भारि गरि पठाया बन्ला. हामिलाई त – – – – – – बाट काजिकाम सि-
१३. कायाको थियो र आजसम्म घा गरि थाम्युं भनि सबै कुराको बिस्तार बिति गरि पठायाछौ. मालुम भयो. उप्रा-
१४. न्त रामपुरको रोहोल्लाको र नवावको लडाइ हुन्या डबल भयाको अंतबाट पनि षबर आयो. सांचो हो. तस्को
१५. बिस्तार समिक्षा चिठिमा लेष्याको छ. सो बुझि तसैमाफिक् गर. गढछेउ नौ हजार लिनाका कुरालाई उ-
१६. नैले दिनामा पस्या लिनु. दिनैपर्छ भनि मानिस् नपठाउनु भनि अघि पनि भन्यैको हो. आफनु बन्दो-
१७. बस्त सबै तरहले बलियो नपरंज्या चिन्हाइ माङन्या काम छैन. नमाग. हरिदत्त पाध्यालाई षलितापत्र ली
१८. पठायाको हो. गढवालका राजाछेउं चाडो गरि पठाइदेउ. टिकाको सायत गरि कटक गार्न्या कुरा छ. फ-
१९. उज बाकलो गरि पठायाजावस् भनि लेष्याछौ. २ सर्दार एक सुबा छ कंपनि तिलंगा ढलेत् चाक्लै ग-
२०. रि पठायाको छ. पुग्या हुन्. फेरि पनि मस्र्थादिपारका संगुता राजा हाम्रा जागीऱ्या उमराहरुलाई फ्रा-
२१. रा जाउ भंन्या मोहोर लेषि मानिस्स्मेत् फ्रारा गरि पठाञ्युं. हामीलाई काजिकाम अघिदेषि स-
२२. धायाको थियो भंन्या कुरालाई जोग्य लेष्याछौ. ऐस् घरका पांडे हौ. छोटो बडो काम सबै तिमिहरुले अघिदे-
२३. षि गरि आयैको हो. आजसम्म ताहाको संभार पनि राष्यौ. हामीले पत्यायाकै छ. तिमीहरुका बदला
२४. जाहांबाट भारादार आया त पनि आजकाल तांहा पाहाड मध्येस दुवै तरफबाट भिर पर्न लागिरहे-
२५. छ. एस्ता वेलामा तिमिहरु जस्ता मानिस्ले तांहा छोडि आया तांहाको सह्यार रहैन. तिमिलाई हा-
२६. मिले षोस्याको छैन. कपतानी बाहालि छदैछ. आजसम्म रह्याको तलब पनि लेषा गरि सप्तरि
२७. महोत्तरिमा तनुषा गरि तिम्रा भाईछोराका हात सौपिदियाको छ. ताहा पाहाड मध्येसको धुम्

२८. नमेटिज्यासम्म तिमिले ताही बस्नु. सुस्तिर भयापछि आउला. तिम्रा पलटन्का ताहा रहन्या कं-
२९. पनिको जाहा नआईपुगंजि सुबेदार जमादार तिलंगा गैन्ह कसैको पंजनि गर्न्याछैनौ.
३०. सबुज कंपनिका सुबेदारको पंजनि भयो तपनि अरु जमादार सिपाहिको पंजनि कसैको
३१. हुन्याछैन. सबु जकंपनिका जमादार २ सिपाहि १४ पिपा २ जाहा आयाका रह्याछन्.
३२. बालि पनि षाया. तनलाई प्यादा लाई पठाईदियाको छ. पुगनान्. इति सम्वत् १८५१ सा-
३३. ल मिति कार्तिकशुदि १३ रोज ४ मुकाम कांतिपुर शुभ्म् – – –

[यी पत्रका नकल परराष्ट्रमन्त्रालयको ४२ सङ्ख्याको खाममा छन् ।]

(२१–२५ सङ्ख्या)

## पश्चिमतिरको सन्धिविग्रहको विषयमा गङ्गाधर पन्तलाई लेखिएका पांच पत्र

श्रीः

१

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदाव-
२. लिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजे-
३. रणबहादूरसाहबहादूर्सम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्—
४. स्वस्ति श्रीसर्वोपमाजोग्येत्यादि राजभारासामर्थ श्रीगंगाधर पंथ-
५. के प्रणामपूर्वकपत्रमिदं. इहां कुशल. ताहां कुशल चाहिये. आ-
६. गे इहांको समाचार भलो छ. उप्रान्त जांहांसम्म गर्‍याको कास्कि
७. भिर्कोट गुल्मिका उद्धारनिमित्त हो. आज लमजुं नुवाकोटले
८. सहि राषेनं तपनि गोर्षा प्युठानाका संगुता लीकन पनी कास्कि
९. गुल्मिको उद्धार गर्न्या पर्‍यो. तिमि कास्कि जाउ. कास्कि ठाडो रा-
१०. ष. कास्कि प्युठानाप्रभृति संगुताका भाईछोरा तार्न्या अर्थ गर.
११. हामि एताबाट काज [उठा]उंछौ. चौतरिया काजिलाई तिमिलाई का-
१२. स्कि पठाव भनी लेष्याको छ. बाकि तम्रो अधिजां कुरो बिंति ग-
१३. रि पठायाथ्यौ. मोहर गरि पठायाको छ. इति संवत् १८३८ सा-
१४. ल पौषशुदि १३ रोज ६ मुकाम कांतिपुर शुभम् ———

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविवि-
२. धविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्री-
३. श्रीश्रीमहाराजेरणबहादूर्साहबहादूर्सम्सेर्जङदेवानाम् सदा
४. समरविजयीनाम् = = = = =
५. स्वस्ति श्रीसर्वोपमायोग्य राजभारासामर्थ श्रीगंगाधर पंथके प्र-
६. नामपूर्वकपत्रमिदं. इँहाँ कुसल. तांहाँ कुसल चाहिये. पत्र आयो.
७. अर्थ मालुम भयो. आगे जांहांको समाचार भलो छ. उप्रान्त आं-

८. धिं षोल्या संगुताहरुसंग घाको कुरो नुवाकोट लम्जुंको बिस्तार बि-
९. न्ति गरि पठायाछौ. योग्य बिन्ति गरि पठायाछौ. उप्रान्त सेवक्को
१०. बिन्ति गर्नु तसैं हो. आज काजनिमित्ये चिन्हाइ बोल्न्या पर्द् दैन.
११. पेट राषि बोलनुपर्छ. आफनु काज माथिबाट पऱ्यापछि ढुंगा-
१२. को सप्रन्या गरियला. बाकि हिजो - - का समयमा पनि पऱ्या-
१३. इ घा काज गरि आयाथ्यौ. आज पनि हामिले पऱ्यायाकै छ.
१४. तांहां जति छौ त हिजोको समझि परको बुझि ढुंगाको बन्न्या
१५. पिछाको उद्धार भारापांचलाई जस् हुन्या अर्थ गर. हाम्रा घ-
१६. रको बुन्याद हौ. पोषियाको उकेरि पनि आयाथ्यौं. ढुं-
१७. गाको उचो रहन्या आफुलाइ जस् हुन्या अर्थ गर. थामि-
१८. बक्सौला. बाकि हामिसंग लागन्या संगुता राजा को को हु-
१९. न्. क्या क्या बुझ छ. सो सभ व्यक्त व्यक्त गरि बिंति गरि पठाव. इ-
२०. ति सम्वत् १८३९ श्रावनशुदि २ रोज ७ शुभम्

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविवि-
२. धविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजश्रीश्री-
३. श्रीमहाराजेरणबहादूरसाहबहादूरसंसेरजङ्गदेवानां
४. सदा समरविजयीनाम् — —
५. स्वस्ति श्रीसर्वोपमायोग्ये राजभारासामर्थ श्रीगंगाधर पं-
६. थके प्रणामपूर्वकपत्रमिदं. इहां कुशल. तांहां कुशल चा-
७. हिये. पत्र २/३ आयो. अर्थ मालुम भयो. आगे इहांको समा-
८. चार भल्लो छ. उप्रान्त जुम्लो रुजुंम आयाको. पर्वत्या सा-
९. हेब लमजुंग्या राजा जुम्लीछेउ गयाको. आधिषोलाको ग-
१०. ति एस्तो छ. मगरांतको गति एस्तो छ. बलियो गरि आया-
११. को जुम्लो छ. त्यो बुझि काज गर्न्या हो. कास्किको राजाला-
१२. ई पनि पठाउन्या हो भनि बिंति गरि पठायाछौ. बिस्तार सु-
१३. न्यौ. योग्यै बिंति गरि पठायाछौ. कास्किका राजालाइ सं-
१४. गुतासंग बसि बोलनु बाधनु गरि बिदा गऱ्यौं. हाम्रा थर-
१५. घर पाउरखालि गरि पठायाको छ. पुगनन्. बाकि बुढा
१६. दलमर्दन साह जसोधर राना जुम्लीछेउ षलिता प-
१७. त्रसमेत पठाउछौ. प्युठाना पनि षलितापत्रसमेत भ-
१८. ला मानिस पाठाउछौ. बाकि गौरीपति पनि पावरषालि
१९. आया त जांहा बसनन्. २ बाबुछोरालाई रुपैंञा ५५ ष-
२०. र्च पठाइको छ. पुगला. गौरीपति पंथलाई तांहां राषि
२१. तिमि हजूरमा आव. इति सम्वत् १८४० साल ज्येष्टशु-
२२. दि ७ रोज ७ मुकाम कांतीपुर शुभम्

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिवि-
२. विधविरुदावलिविराजमानमानोन्नत्श्रीमन्महाराजा-
३. धिराजश्रीश्रीश्रीमहाराजेरणबहादूरसाहबहादूरसम्-
४. सेरजङ्गदेवानां सदा समरविजयीनाम् ———
५. स्वस्ति श्रीसर्वोपमायोग्येत्यादि श्रीगंगाधर पंथके प्रणा-
६. मपूर्वक[पत्र]मिदं. जाहां कुशल. तांहां कुशल चाहिये. पत्र
७. ४।५ आयो. अर्थ मालुम भयो. आगे जाहाको समाचार
८. भलो छ. उप्रान्त काजका अर्थकन मुख्य कास्किको पि-
९. छा र जुम्लासंग मतो रहन्या अघि पर्वत मारि
१०. पर्वतको विलो कास्कि जुम्ला गल्कोट धुर्कोट सतौला-
११. इ षुआयापछि पाल्पो हान्या सजिलै पनि पर्थ्यो. घाय
१२. पनि पाइन्थ्यो. तसो नभया पनि पर्वतको १ मुख पाल्पा १ मु-
१३. ख दुइ मुख गरि काम बन्दो हो भनि बिंति गरि पठायाछौ.
१४. योग्य बिंति गरि पठायाछौ. तेतातिरलाइ दलबलसहित काजि ब-
१५. लभद्र साह नरु साह देवदत्त थापा पारथ भंडारि प्रतिमन्
१६. राना लम्जुङग आया. जुम्ला कास्किको संमतसंग काज
१७. गर्न्याछन्. जुम्लि कास्किप्रभृति अरू संगुताहेरू दोचिता-
१८. उनन्. दोचित् नपरोस्. काज गर्दा तांहांको सल्लाहासंग का-
१९. ज गर्छन्. बाकि तल्ला मुखलाइ तनहुले बाटो दिया तनहु-
२०. का बुऋसंग पाल्पाको काज गर्नान्. बाटो नदिया पाल्पाको
२१. काजनिमित्य शुंभेश्वर कविलासपूर मिचिकन
२२. पनि काज गर्नकन फौजसहित अभिमानसींह
२३. भमसि थापा विलोचन खवास् पठाऔं. ताहां दोचित्त पर्ला.
२४. जो जो हात लाग्छ. बोल्न्यासग बोलनु. हात लि पर्वत पा-
२५. ल्पाको काज पस्न्या गराउनु. बाकि कस्क्यालि बा-
२६. ज्या पाउलागनुहुदा बोल्या बांध्याको चाहियाको गौंडा र बा-
२७. ज्या काकामा एक जना आउनु भन्याको हो. आज काज प-
२८. रिरह्याको छ. बाज्या तांहां सरसंभारलाइ रहनुपर्ला. का-
२९. काज्यूलाई चलाउनु अर्थ गर. इति सम्वत् १८४० माघशु-
३०. दि ९ रोज ६ शुभम् —— ——

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदाव-
२. लिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहा-
३. राजेरणबहादूरसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरवि-
४. जयीनाम् ———— ————

५. स्वस्ति श्रीसर्वोपमायोग्येत्यादि श्रीगंगाधर पंथके प्रणामपूर्व-
६. कपत्रमिदं. इहा कुशल. तांहा कुशल चाहिये. आगे जाहाको स-
७. माचार भलो छ. उप्रान्त तांहा बाज्याछेउ एस्तो एस्तो कुरो बिंति
८. गर भनि अस्ति लेषि पठायाको हो. पुग्यो हो. तनहुलाइ काठ-
९. मांडौबाट झिकदा आयेनन्. लमजुंग जाइ तनहुं झिकि सामे-
१०. ल भै नुवाकोटको बाटो षोलि पर्वत हान्नु भनि भारादारलाइ अ-
११. न्हाई पठायाको हो. हाम्रो फौज लमजुङ पुग्दा त आठ हजा-
१२. रको माया मारि छाडि जादा विपक्षका राजाले गौडा उछि-
१३. निदिया. बिरियेला भंनानिमित्त हाम्रा भारादार गौडाको सं-
१४. भार गर्न गयाछन्. गया तपनि धारमार लुटपिट केहि गऱ्या-
१५. को छैन. ताहा बाज्याका र हाम्रा संमतले गरि जसो गरि बंन्या हो-
१६. ला. सो गरौला. बाकि अब तांहांसम्म हाम्रो फौज पुग्दा काज
१७. ढिल्याउन्या पर्दैन. तांहा बाज्याछेउ बिन्ति गरि ककाकन ए-
१८. ता चलाइपठाउ. आपना सब पक्षका संगुताकन बढाउन
१९. र विपक्ष घटाउन सपक्षका संगुतासंग हिजो बाज्या जाहा
२०. छदै बोल्या बाध्याको सोहि सहि छदैछ. आपना गोलजोल
२१. मिलाइ नुवाकोटको बाटो षोलि पर्वतको काज बाज्याछेउ
२२. बिन्ति गरि चाडो गरांउ चाडो. आपनु ढिलायाको बिरानु भनि
२३. बारंबार आज्ञा अांउथ्यो. तहा बिन्ति गरि काज चाडो गराउ.
२४. ढिलो भया बिरियला. इति सम्वत् १८४० माघशुदि १३ रोज

(छेउमा)

४ मुकाम कांतिपूर शुभम् = =

[यो पत्रका नकल परराष्ट्रमन्त्रालयको ७३ सङ्ख्याको खाममा छन् ।]

(२६ सङ्ख्या)

## नुवाकोटका धामीखलकलाई क्षारा माफ गरिएको कुरा परेको पत्र

श्रीदुर्गा सहाय१ॕ

श्रीभैरविको

१. स्वस्ति श्रीमद्बलभद्रशाहकस्य पत्रम् =
२. आगे धामिखलक्कन क्षारा माफ गरि

३. बक्सीउं. टहल रुजु भै गर्नु. इति सम्वत् १८
४. ४० माघ[व]दि १४ रोज ४ मुकाम बगुवाषेत शुभं

[यस पत्रको सकल नुवाकोटका धामी श्रीहरिमानसिंह डङ्गोलको सङग्रहमा छ। पहिलो पङक्ति शुरू हुनुभन्दा अगाडि बलभद्र शाहको छाप लगाइएको छ। ]

(२७ सङख्या)

## श्री ५ रणबहादुर शाहले बि. सं. १८४० मा कालु पाँडेहरूलाई लेखेको पत्र

श्रीजिव्यूबबा

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिवि-
२. राजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूरसाह-
३. बहादूर्सम्सेर्जङ्गदेवानां सदा समरविजयिनाम्———————
४. स्वस्ति श्रीसर्वोपमायोग्य राजाभारासामर्थ श्रीकालु पांडे श्रीगजपति बस्न्यात्
५. श्रीपाहार रानाके सलाम आसिषपूर्वकपत्रमिदं. पत्र २ आयो. अर्थ मालुम
६. भयो. आगे ईहाको समाचार भलो छ. उप्रांत माघका दिन ६ जादो सायेत गरि
७. राजाका भाइ हिरा साह छाव साह गोविंद राउत् उपर थरघर आउछन्. तन-
८. हुको जिमि एताबाट छोडिदियो भनि अनराम घर्तिले लेषदा दोचीत्त मानी राष्या-
९. छन् भनि बिंति गरि पठायाछौ. जोग्यै बिंति गरि पठायाछौ. भलो. तनहुंको जिमि त-
१०. नहुंलाई सौप्याको पनि छैन. अनराम घर्तिछेउ पनि बोल्याको छैन. तिनलाई
११. चाडो चलाउ. बांकि सल्ल्यानु जुम्लो धुर्कोट् इस्मा गुलमि एति राजाका भाइछो-
१२. रा भला मानीस घाटुबुढा लिकन आउछौ भनि बिंति गरि पठायाछौ. भलो.
१३. ति मानिस चाडो पठाइदेउ. ढिल गर्नुपर्दैन. घायका अर्थलाइ एताबाट पनी
१४. काज चलाऔं. ताहा पनी जो सपक्ष लियेर पर्वत्मा चाडो गरिकन काज चलाउ-
१५. नु. ढिल गर्न पर्दैन. बाकि दोश्रो चिठिमाहा पाल्पा र पर्वत् साभा लागिरहेछ. जु-
१६. मलि सुभान साह सल्ल्यानिसहित जाजर्कोट्या अर्जुन् साह उपर बाईसिका सं-
१७. गुता जोल्या सब प्युठानि साहेब सुद्धा भई प्युठाना आया. इहाबाट प्युठानिले गुल्मी
१८. धुर्कोट् इस्मालाई गोली बारुद कांडको संभार गर मुसिकोट्को उच्छु हान्नु छ भ-
१९. नि मानिस पठाया भनि लेष्याछौ. बहुत बनेछ. अब चाडो मुसिकोट् हानि पर्वत्सहि-
२०. त विप(प)क्षका राजालाई पक्षका राजा उठाई भिर घलाउ. काज शिघ्रशिघ्रै गरि पर्वत्
२१. हनाउ. अब एताबाट काज चलायौ. ताहा पनि बोलनु बाधनु जो जो घायको का-

२२. ज हो. सो चाडो गरि कुरो बाधि काज चलाउ. एताबाट पनि आधिषोला छोडन्या-
२३. लाई छोडनु. आउन्यालाई लिनु. हाम्रो काज पनि गर्नु. पर्वत् हान्नु. सपक्ष बढाउ-
२४. नु विपक्ष घटाउनुनिमित्य काजि बलभद्र साह नरु साह देवदत्त थापा सर्दार
२५. पारथ भडारि प्रतिमन् राना कम्पनिसमेत् फौज लमजुं पठाजौं . ताहा कास्कि जु-
२६. मलो प्युठानु सपक्षको सल्लाहसंग काज गर्न्याछन्. तिम्रा तरपबाट पनि पुरन्
२७. गर. बाकि तनहुं ले फिलंगिलाई सोमेश्वर देषाउदा कोठि राष्नकन कुरा
२८. गर्दा हामिलाई दोचित्त लाग्यो र उनले उछिन्या त पाहाडमाहा हिंदुवान् ध-
२९. र्म्म रहैन भनी सोमेश्वर उछिनि पाल्पाको काज गर्नानिमित्त्या काजि अभि-
३०. मानसिंह अर्मसि थापा विन्वन् षवास् केहि कम्पनिस्मेत् फौज तल्ला मु-
३१. षतिर पठायौ. ताहा विपक्षका मांछले दोचित्त पार्नन्. सैसह्यार गर. तेताबाट
३२. राजाका भाईछोरा भला मानिस आउदा गजपति बस्न्यात् साथ लाई पठाउ.
३३. बाकि सल्ल्यनाले एस पाला जुम्लालाई थामिदियाको बडो काम थामि
३४. ... या. इ सबै चौबिसिमा आफना पक्षका र विपक्षका हुदा ...
३५. ... उ ठाउमा काज लाग्यापछि त हिजो – – – – – ले बोल्या ...
२६. ना पक्षको बाइसि उठाई त्यो सल्ल्यानिका काम प...र्ला. कथाचित्
३७. अरु राजासंग मतो नमिल्या हाम्रो क ... गरौला. किमधिकं. इति संवत्
३८. १८४० साल फाल्गुण ... मुकाम कांतिपूर शुभम्—

[यस पत्रको नकल परराष्ट्रमन्त्रालयको ७५ सङ्ख्याको खाममा छ ।]

(२८ सङ्ख्या)

## गुल्मीका राजा शिवनारायण शाहले रजबन्धकी दिएको पत्र

श्रीः

श्रीमाहाराजाले राजगुरुले बान्ह पंथले सभले
सभ माफ गरिबक्स्या. अंकडंक नास्ति गरिबक्स्या-
को छ

१. स्वस्ति श्रीरुपनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधीराजश्रीश्रीमत्शि-
२. वनारायणसाहदेवानाम् सदा समरविजयिनाम् लि. उप्रान्त बर्डा डोर बर्डाडाको षाईल् ईन्द्या साहिको
३. षरक् षाईल्समेत् गुलाफ्नाथ गोसाईकन – – – – – बांधा बक्सनुभयो. डंडकुंड मोरोअपूताली चो-
४. रिजारि छिनारि सभ माफ गरिबक्सनुभयो. तस्को मोल रुपैया चार्सये एकचालिस् अंकेपि ४४१.
५. चार्सये एकचालिस्मध्ये बांधा बितलप् बक्सनुभयो. रुपैया दियाका दिन जगा मुक्त. येस्को सांध दम्-

६. सिक्कोटको दोबाटो साध् पुर्वतिर गापटुंषोलो साध् पछिम्तिर पनि षोलो सांध् गल्फाकोटतिर पनि बो-
७. लो साध् मान्कोट्तिर अर्चलि पध्याराको डांडो गुर्जुभन्ज्यां बाटो दुवैतिरको साध् चौतरिया सेरामा-
८. थिको नेटो साध्. ईति साध गरिबक्सनुभयो. स(य)स कुराका कर्ता विरनारायण साहि. साछि शशिधर ब-
९. त्री मुलै षत्री जगदिप षत्री भागिराम् षत्री हिरामनि बस्न्यात् सिद्धिराम षजांचि निलकंठ कार्कि भ-
१०. क्त्या मिझार राजगुरु मंगलनाथ पर्सन् पागल् प्रकासनाथ येति साछि. श्रीसाके १७०७ मिति कार्ति-
११. कशुदि १३ रोज २ मुकाम् गुल्मि शुभम्—

(छेउमा)

लेषक साछि जगंनेवास् पंडित्

[यस पत्रको नकल परराष्ट्रमन्त्रालयको ५८ सङ्ख्याको खाममा छ।]

(२९–३० सङ्ख्या)

## पश्चिमतिरको बन्दोबस्तको बारेमा लक्ष्मीपति पाठकलाई लेखिएका दुइ पत्र

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावली-
२. विराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहा-
३. दुरसाहबहादुरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम् ——
४. स्वस्ति श्रीसर्वोपमायोग्य राजभारासामर्थ श्रीलक्ष्मापति पाठकके श-
५. लामपूर्वकपत्रमिदं. इहा कुसल. ताहा कुसल चाहिय. पत्रार्थ मालुम् भयो.
६. आगे जाहाको समाचार भलो छ. उप्रान्त बाफि आठबिस्यामा कुल हुंदा रछा-
७. न विष्ट जैधन विष्टहरु पऱ्याको साथका ढाक्ऱ्याको र आफ्ना दर्दको कुरो
८. औ जुम्लाले तति गर्दा डोटि कुमाउ प्रभृति भगौडा राजाहरुको मत्तो मिल्यो
९. भन्नाको हंगमा आउंछ. बडो मत्तो मिल्यो भन्या जस्तो लाग्दैन भनि बिन्ति गरि
१०. पठाइछस्. बिस्तार मालुम् भयो. अब पनि दषिन पश्चिमको षबर सुन्या
११. बुझ्याको बिन्ति गरि पठाउन्या गर. दर्द र ढाक्र्याका अर्थकन पजनी आयो. तेरा
१२. दाज्यूहरु पनि जाहि छन्. बन्दोबस्त बनाइ तेरा दाज्यूका चित्त बुझाइ ताहि पठा-
१३. इदिउंला. परंतु तलाइ त्यो जगा बक्स्याको पनी हिजो श्रीकृष्ण पाठकले मोहो-
१४. डामा पसेर रिझाउदा काहासम्मको जस भयोथ्यो. सोहि बुझि रिझाउला-
१५. स् भनी तेस मुहुडाको जगा बक्स्याको हो. हिक्मत् बढाइ अंगीकार गरि रि-
१६. झाया पक्को उचो तिषो गराउंला. आफुलाइ लाग्याको बडो बलीयो बाक्लो
१७. गरि कुन्ह. रछान विष्टहरुका अर्थकन बेहोससंग बस्ता तेस्तो पर्न गयो.
१८. गरमौंडामा षबर्दारिसंग रह्या बनछ. जाजरकोटसित गर्न्या कुरालाइ स-
१९. र्दार कालु पाडेलाइ लेषि पठायाको छ. उनैका मतसित गर. सम्वत १८४६
२०. साल आषाडवदी १२ रोज ७ मुकाम कान्तिपूर शुभं————

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावली-
२. विराजमानमानोन्नत्श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहा-
३. दुरसाहबहादुरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्
४. स्वस्ति श्रीसर्वोपमायोग्य श्रीलक्ष्मीपति पाठकके शलामपूर्वकपत्रमिदं.
५. आहा कुसल. तांहा कुसल चाहिय. पत्र आयो. अर्थ मालुम भयो. आगे आहा-
६. को समाचार भलो छ. उप्रांन्त कप्तान सिवनारायण षत्रीले तिमिहरु चांडो
७. आउ. जुम्लाका काजलाइ छिनाछिन सामेल हुन आउ भनि पठाउंदा जान्या
८. हो भनी हामी चांडो जादा जाजर्कोटले घाटलाइ दियनन् र अलीक ढिल भ-
९. यो. अब हामी चांडो जांन्छौ भनी सब ब्रिस्तार बिन्ति गरी पठायाछौ. मालुम
१०. भयो. काजका वेलामा यन्याका घडि ढाकन्या हो. ढाक्याछौ. बनायाछौ.
११. तिमिहरुले छिनाछिन सिवनारायण षत्री प्रबल रानासंग सामेल हौ.
१२. तांहादेषि परका काजलाइ र ढुंगाको बन्या तिमिहरुलाइ जस हुन्या सिव-
१३. नारायण षत्री प्रबल रानाका सल्लाहसंग परि आयाको गर्न्या काज ग-
१४. र. आहा बिन्ति गरि पठाउन्या कुरा आहा बिन्ति गरि पठाउ र सोहिमाफिक
१५. गरि हुकुम् बक्सि पठाउंला. बल षर्षजाना पातोलो छ बक्सी पठाया जा-
१६. ला भनी बिन्ति गरि पठायाछौ. यताबाट पनी सर्दार शत्रुभंजन मल्ल सिव-
१७. नारायण षत्रीको पल्टन् मर्स्यांदि चेप्यापश्चिमका उमराउको कारा गरि
१८. भुपनारायण साहि भक्ति थापा इ दुइलाइ जुम्लाको सुब्बांगी बक्सि इनैस-
१९. मेत् पठायाको छ. पुग्नान्. त्यो जगाको कैफियत जस्तो छ. बुझि बिस्तार रात
२०. बिन्ति गरि पठाउन्या काम गर. ईति सम्वत् १८४६ मार्गवदी ६ रोज १ मुका-

(छेउमा)
म काठमाडौ शुभं =
[यी पत्रका नकल परराष्ट्रमन्त्रालयको ७४ सङ्ख्याको खाममा छन् ।]

(३१ सङ्ख्या)

## श्री ५ रणबहादुर शाहले अमरसिंह थापालाई वि. सं. १८४८ मा लेखेको पत्र

श्री

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदा-
२. वलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहा-
३. राजेरणबहादूरसाहबहादूरसम्सेरजङगदेवानां सदा समरविज-
४. यिनाम् – – – – – – – – – – – – – – –
५. स्वस्ति श्रीराजभारासामर्थ श्रीअम्बरसिंह थापाके आशिषपूर्वक-

६. पत्रमिदं. ज्यांहां कुशल . तांहां कुशल चाहिये. आगे ज्यांहांको समा-
७. चार भलो छ. पत्र ३ आयो. अर्थ मालुम भयो . उप्रान्त प्यूठाना पुग्या-
८. को हामिले तिमिलाइ अऱ्हायाको सलह्.यानि जोलि लस्करबाट आ-
९. इ बाध्यापिपल् पुग्दा उन्ले कह्याको षबर तारघाट सांघु घाल-
१०. नाको भारादारसित भेट भयापछि आगापरको सल्हा गरी
११. बिन्ति गरि पठां उंला भनि बिन्ति गरि पठायाछौ. बिस्तार मालुं भ-
१२. यो. ताहा गर्न्या काजको चाहिन्या सराजाम अऱ्हाउन्या कुरो अ-
१३. ऱ्हाइ सोपन्या कुरो सोपि जगजीत पाडेलाइ पठायाको छ. सोहि-
१४. माफिक् सम्मत्ले गर्नु. चिठि लेषतैका बिचमा डोटि अम्बल
१५. भयाको तिम्रो अर्जि आइपुग्यो. बढाइ गर्‍यूं. आगाका काजक-
१६. न जगजीत पाडे पनि आइपुग्ला. सबैको चुचो मिलाइ काज ग
१७. र्नु गर. इति सम्वत् १८४८ साल आषाडशुदि १५ रोज मुकाम कान्तीपु-
१८. र शुभम् ———————————

[यस पत्रको नकल परराष्ट्रमन्त्रालयको ५६ सङ्ख्याको खाममा छ ।]

(३२–३३ सङ्ख्या)

## वि. सं. १८५० मा जुम्लामा विद्रोह हुँदा लेखिएका २ पत्र

श्रीदुर्गाज्यूः १

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामनिनरनारायनेत्यादिविविधविरूदावलिविराजमानमानो-
२. न्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमाहाराजेरणबहादूरसाहबहादूरसम्सेरजङ्गदेवानां
३. सदा समरबिजयिनाम्. स्वस्ति श्रीगगनगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविवि-
४. धविरूदावलिविराजमानमानोन्नतश्रीमन्महाराजश्रीगजिन्द्रसाहदेवेषु सदा समरवि-
५. जयिषु सलाम्पूर्वकपत्रमिदं. ज्यांहां कुशल. तांहां कुशल चाहिये. आगे ज्यांहांको समाचार भलो
६. छ. ऊप्रांत सुभान साहि हुमला पसि जुमला सर्वत्र चाल्हो ऊठाऊदा पालपा प्युठाना छिल्लि स–
७. ल्लयानाबाट गुहार नहुंदा ५।६ महिनासम्म रमिता हेर्दा १।२ जगाका ठाना गलि गया. तस्तै
८. बिचमा पश्चिमबाट आऊन्या फौज पुग्दा जुमलो थामियाको हो. ऊस् पाला थोरै फौज हुना-
९. ले साफ् नहुंदा फेरि सुभान साहिले हुमलो ऊठाई कर्नाली पार अम्मल गर्‍यो. कााराको
१०. फौज बक्सी पठाया हुम्लो हान्छौं भनि रणजीत कंवरले बिंति गरि पठायो. तसर्थ तिमिहरु-
११. का कुऱ्हुवालाई बडा लाग्याको अछाम्को ठाना थाम्न्या कुऱ्हुवा राषि अरु काराको फौज डक्को
१२. काजी सर्दारसमेत जुमला रणजीत कंवरसंग सामेल हुन पुगुन्. सुब्बाका सम्मतले हुमलो
१३. साफ गरि कुऱ्हुवा फौज रहला. काराको फौज आवला. ईति सम्वत् १८५० साल मिति आषाड–
१४. वदि ५ रोज ६ मुकाम कांन्तिपूर शुभम् ———————————

श्री १

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानो-
२. न्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूरसाहबहादूरसम्सेरजंङदेवाना-
३. म सदा समरविजयिनाम्. स्वस्ति श्रीगगनगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिवि-
४. विधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजश्रीश्रीश्रीगजिन्द्रसाहदेवेषु सदा
५. समरविजयिषु सलामपूर्वकपत्रमिदं. जांहां कुशल. तांहां कुशल चाहिये. पत्र आयो. अर्थ
६. मालुम भयो. आगे ईहांको समाचार भलो छ. ऊप्रांत जुमलामा अघि गोर्षालि पीछा पऱ्या
७. पछि वाराकोटचा पिछा पऱ्या भनि बिंति गरि पठायाछौ. निमक षाईकन तरबार पर्दा पिछा
८. पर्न्या सिपाहिकन दंड पनि गर. जागीरदेषि तागीर पनि गर. गोर्षालिमा पिछा पर्न्या सिपा-
९. हि को को हुन्. नाऊनमेसि लेषि पठा भनि जुमलाका सुबालाई लेषि पठायाको छ. बांकि
१०. जुमलाका बडा लाग्याका जग्गामा पातलो गरि कुर्द्धछौ गरे. भारामा काजी सर्दार बाक-
११. लो गरि पांच पठाई आफुलाई बडा लाग्याको जगा बाकलो बलियो गरि कुर्न्हं पठाव. ऊप्रां-
१२. त हुमलो पनि केहि त मिल्न आयो भन्या अर्थकन मिल्न्यालाई झिकि सुबासित ब -
१३. साई देऊ. तसल्लह गरि अरुलाई पनि झिक. बाकि पश्चीमतिरको सहि समाचारः पनी
१४. बुझि बिंति गरि पठांऊदै गर. कुमाऊ कुर्न्हाकन जसिवंत भडारि सर्दार मर्स्यांदीपश्ची-
१५. मको फौज क्तारा गरि पठाऊछौंः. तांहांपछि पनि १ पल्टन् तिलंगा पनि पठाऊन्याछौं.
१६. ईति सम्वत् १८५० साल मिति मार्गसिरवदि ३० रोज ३ मुकाम कांतिपूर शुभम्———

[यी पत्रका नकल परराष्ट्रमन्त्रालयको ४१ सङख्याको खाममा छन् ।]

(३४ सङख्या)

## पाताल हुन लागेको घर जोगाउने कुरा परेको पत्र

श्रीदुर्गा
भवानि

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का = = = = = = = = =
२. आगे सुरथ नेवारके. चि [कु] ट्या नेवारले छाडि गयाको घर बिग्रन लागेछ.
३. सो घर तोलाइ बक्सीउं. पाटि बिग्रेछ. पाटि बना. आपना षातिजमासं-
४. ग घर बनाइ बस. ईति सम्वत् १८५० साल भाद्रशुदि रोज शुभम्

(पछिल्तिर)

माफत् लहि ...

[यस पत्रको सकल नुवाकोटका द्वारे श्रीगणेशकुमार शाहीको सङग्रहमा छ ।]

(३५ सङ्ख्या)

## नुवाकोटका धामीका छोराले मानिस मार्दा दण्ड गरिएको कुरा परेको पत्र

श्रीदुर्गा सहाय १

श्रीदुर्गा
भवानि

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का – – – – – – – – – – –
२. आगे किस्न धामिप्रति. ताहां नगरा बजाउन्या नगार्चिलाई ब्याहांन ब-
३. जाउन्या नगरा ७।८ घरि रात्रि जांदा नगरा बजायो भनि तं त्रा छोराले
४. कुटिकन एक् रात रहि मरेछ. जिउ मार्नु भन्याको तेस्ता षतमा अध्यर्-
५. लि हो. संसारमा रित् नित् गर्न्यैपर्छ. तसर्थ त्यो मानिस् मान्याको ष-
६. तबापत् तिन् सय ३०० रुपैंया तिमिलाइ दंड भयो. तिलंगाहात रु-
७. पैंया चह्रायि पठाव. ईति सम्वत् १८५२ साल भाद्रबदि १४ रोज ५ शुभं

[यस पत्रको सकल नुवाकोटका धामी श्रीहरिमानसिंह डङ्गोलको सङग्रहमा छ ।]

(३६ सङ्ख्या)

## नुवाकोटका धामीले सपनामा देखेको कुरा सुनाउन काठमाडौं आउने कुरा परेको पत्र

श्रीदुर्गा सहाय २

श्रीदुर्गा
भवानि

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरु-
२. दावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्री-
३. महाराजेरणबहादूरसाहबहादूरसम्सेरजङदेवानां सदा स-
४. मरविजयिनाम् – – – – – – – – – – – – – – – – – – – –
५. स्वस्ति श्रीसर्वोपमाजोग्य श्रीकृष्ण धामिके आसिषपूर्वकप
६. त्रमिदं. आहां कुसल. ताहां कुसल चाहिए. आगे आहांको समा-
७. चार भलो छ. पत्र आयो. अर्थ मालुम भयो. उप्रांत स्वप्नामा पा-
८. याको भलो मन्दो कुरो एकान्तमा बिन्ति गर्नुपर्न्याछ. मर्जि भया ए-
९. क फेरो हजूर आई बिन्ति गर्दा हुं भनी लेष्याको रहेछ. आईपुग्यो. बि-
१०. स्तार जाहेर भयो. उप्रांत नआई नहुंन्या अट्कन्यै कुरो भया फि-

११. कि पठांउंदा हुं. त्यो कुरो ता लेषि पठाया पनि पुग्न्यैछ. तसर्थ स्वप्ना-
१२. मा ज्या ज्या कुरा देष्याका छन्. नबिंसिकन जस्ताको तस्तो गरि चि-
१३. ठिमा लेषि लाहाले कुलुप् गरिकन आफुले पत्यायाका मानिस्-
१४. का हात् बन्हाइ पठाउनु. एकान्तमा आफुले मात्रै हेरि गर्न्या कुरा
१५. गरि जबाप् चांडो पठाईदिउं ला. इति सम्वत् १८५३ साल जेष्टशुदि १
१६. रोज २ मुकाम कान्तिपुर शुभम् ———————

[यस पत्रको सकल नुवाकोटका धामी श्रीहरिमानसिंह डङ्गोलको सङ्ग्रहमा छ ।]

(३७ सङ्ख्या)

## वि. सं. १८५७ को नुवाकोटकाण्डसम्बन्धी पत्र

श्रीदूर्गाज्यु१

श्रीश्रीश्रीश्रीश्रीमाहाराजा

१. स्वस्ति श्री ५ स्वमिज्युकस्य आज्ञापत्रम् – – – – – – –
२. आगे श्रीधर पन्थ बलभद्र रानाप्रति. नुवाकोट रहन्या कुल्याहा भारा-
३. ले मलाइ पक्रि गलफन्दा नेल हालि रणजित पांडेको घरमा राषनु
४. – – – – – – – लाई बिगारनु मलाई कासि धपावनु भनि सतो गरि ध-
५. र्म गरि धर्मपत्र लेष्याछन्. तस्तै बिचमा हाम्रा निमकको सोझो ग-
६. र्न्या मानिसले षबर दिदा आफना आफना षबर्दारिमा रहिरह्याछन्.
७. ऊ आफनो हात पसेन भनि जग्गाजग्गामा लालमोहर फिजि हामि-
८. संग लडाई गर्न आंटिराष्याछन्. तांहा पनि लालमोहर आयो हो.
९. तसको सहि नमान. मिति बैसाषबदि ३० रोज ४ मोकाम पाटन शुभं

[यस पत्रको नकल परराष्ट्रमन्त्रालयको १३४ सङ्ख्याको खाममा छ।]

(३८ सङ्ख्या)

## वि. सं. १८५७ को नुवाकोटकाण्डको कुरा परेको पत्र

श्री१

| श्रीबाबाज्यू | श्रीमुमाज्यू | श्रीगुरुज्यू |
|---|---|---|
| १ | २।४ | ३ |

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्न-

२. तश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेगीर्वाणयुद्धविक्रमसाहबहादुरसम्सेरजङ्गदेवा-
३. नां सदा समरविजयिनाम् – – – –
४. स्वस्ति श्रीराजभारासामर्थ श्रीकालु पाडेके सलामपूर्वकपत्रमिदं. जाहा कुसल. ताहां कुसल चा-
५. हिये. आगे जाहाको समाचार भलो छ. उप्रांत नुवाकोटमा रहन्या भारा पांचले अधर्म चिताई
६. या नचितायाको र बलभद्र साहिले धर्मपत्र लेष्यापछि – १ – का हजुरमा जाई नचिताया-
७. को कुरो पारि उठ्याका कलको बिस्तार तिमिदेषि छप्याको केहि छैन. पोलाहाका कर्तव्यले
८. औलामा पारि – २ – लाई ताहासम्म पुऱ्याया तपनि बहुत् तरहसंग सब बातको सह्या-
९. र गर. जिलिफ्मा तिमिबाहिक अरु पाका मानिस् कोहि छैनन्. तिमि एस् घरका पांडे हौ.
१०. ढुंगाको उचो रहन्या नाम ऐश्वर्य थामिन्या आफुलाई जस् हुन्या काम हर्तरहसंग पनि चेत-
११. न्य राषि गर्नुपर्छ. एस् विषएमा भयाका दुवैतरफको बिस्तार – ३ – – हरुलाई पनि सु-
१२. नाई देउ. बांकि एताबाट कति कुरो गरि पठाया – ४ – बुझनुभै फिर्नुहोला. आफुले जा-
१३. न्यासम्मको बुझ लेषि पठाउ. सो अर्थात गरि पठाउला. जिलिफ्मा नभै नहुन्या चाहिंदा मा-
१४. निस् मात्रै राषनु. उपर बढता परदेसमा षर्च घटाउन्या डबल्का मानिस्लाई हजूरमा बिति ग-
१५. रि बिदा गराई पठाईदेउ. तिमि र तिमिरा लडिकावालाको गौरवरदास्ति गरिबक्सन्या छ. षा-
१६. तिर्जमासित जिलिफमा रहु. परि आयाको साना ठूला काज ढुंगाको सप्रन्या गरि गर. इति सं-
१७. वत् १८५७ साल मिति आषाडवदि ५ रोज ४ मुकाम कांतिपुर शुभम् – – –

[यस पत्रको नकल परराष्ट्रमन्त्रालयको ४२ सङ्ख्याको खाममा छ ।]

(३९ सङ्ख्या)

## रणजित् पाँडे र रणकेशर पाँडेलाई देशनिकाला गर्दा पठाइएको बाटोको कुरा परेको पत्र

श्रीदुर्गा
भवानि

१. स्वति श्रीम[न्म]हाराजाधिराज[कस्य] रुक्का – – –
२. ··· मा लेष्या ··· सुबा सुबेदार जमादार म ···
३. ··· जहांबाट रणजित् पांडे रणकेशर पांडेलाई कुमाउं पुऱ्याउन
४. पठायाको छ. जामादारसमेत पट्टी २ तिलंगाले लेष्यामाफिक-
५. का ठाउसंम पुऱ्याई रसीद लि आउनु. भात पकाउन्या जना २
६. केटा जना ५ भरिया जना ६ डोल्या जना १२ बाहिक अरु कसैसंग
७. भेट गर्नु चिठी पुर्जा मानिस इनहरुछेउ पुग्न दिया बाटमा उम्–
८. <कन दियादेखि> उजाहान् सर्वस्व होला. एताबाट पठायाको डोल्याले गो-
९. र्षासंम पुऱ्याइ फर्कनु. ताहांदेषी पुंढो आफ्नु डोल्या बोजी चर्न्हाे
१०. [जान्]छौं भन्या डोली चर्न्हे दिनु. हिंडी जान्छौं भन्या हिंडाइ लैजानु.

११. बाटमा कतै हिंडन नसकि थलिया हुलाकलाई बोक्न्या मानी–
१२. स् षोजी पनि संभारसित लैजानु – – – – – – – – – – –
१३. तपसील
१४. गुरुबकस्का पट्टीले गोर्षा पुर्याउनु. बेडी षोलीदिनु.
१५. तारादलका पट्टीले भिर्कोट पुर्याउनु.
१६. भिर्कोटका पट्टीले पिउठाना पुर्याउनु.
१७. पिउठानाका पट्टीले जाजर्कोट पुर्याउनु.
१८. जाजर्कोटका पट्टीले अछाम पुर्याउनु.
१९. अछामका पट्टीले डोटी पुर्याउनु.
२०. डोटीका पट्टीले कुमाउ पुर्याई धौकलसिं का-
२१. जीको रसीद लि आउनु. धौकलसिं काजीले काशीपुरको बाटो ग-
२२. रि चिलघ्या नघाई निकासी दिनु. इति संवत १८५८ शाल मार्गशी-
२३. र्षसुदि ५ रोज ५ शुभम् = = = = = =

[यस पत्रको सकल नुवाकोटका द्वारे श्रीगणेशकुमार शाहीको सङ्ग्रहमा छ।)

(४० सङ्ख्या)

## वि. सं. १८५९ मा भएको भन्सारसम्बन्धी बन्दोबस्त

श्रीदुर्गा सहाय १

श्रीदुर्गा
भवानि

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामनिनरणारायत्यादिविविधवि-
२. रुदावलिविराजमानमानोन्नतश्रीमन्मांहांराजाधिराजश्री-
३. श्रीश्रीमंहांराजेगीर्वाणयुद्धविक्रमसाहबहादुरसम्से-
४. जंङदेवानाम् सदा समरविजयिनाम् – – – – – – – – –
५. आगे सात् सै थकालि बुढा ठालुः पांच गांउका बुढा ठालुप्रति.
६. हिजो देवथान धर्म जानि नुनढिको चऱ्हायामाः बाऱ्ह गांउ-
७. को र तिमिहरुको तिन् माना नुनमांहां झगरा भै रः दुई माना नु-
८. न मेटि भारिपिछि यक् माना नुन मात्र लिनु गरि मोहर बक्-
९. स्याको हो. पांच गांउंमा पनि परापुर्व नभयाको यक् माना नुन
१०. मेटि बक्स्याको हो. आज पनि हिजो बक्स्याको मोहोरको सहि था-
११. मि मोहोर बक्स्यौंः. अधिक गऱ्या अप्सरिया पनि हौला. भारि डंड

१२. पनि होला. इति सम्वत् १८५९ साल मिति चैत्रसुदि १० रोज ६ शुभम्

[यस पत्रको सकल परराष्ट्रमन्त्रालयको ८० सङ्ख्याको खाममा छ ।]

(४१ सङ्ख्या)

## पाल्पाबाट खोसो गुल्मीलाई मधेस दिएको कुरा परेको पत्र

श्रीदुर्गा सहाये १

श्रीदुर्गा

भवानि

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराज-
२. मानमानोन्नत्श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेगीर्वाणयुद्धविक्रम-
३. साहबहादुरसमसेरजङ्गदेवानां सदा समरविजयिनाम् – – – – – – – – – –
४. आगे गुलमिका राजा श्रीसक्तिप्रचण्ड साहकन बल्ट्यां बक्स्यौं. अघि पनि
५. परापुर्वदेषि बल्ट्यांको मध्येस गुलमिकै रहेछ. सो जानि आज पालपालिबा-
६. ट झिकि तिमिलाई बक्स्यौं. परापूर्वको सिमाना मध्येसको कट्टसकार षोला प-
७. हाडको सोमादि भंज्याङ सिमाना रहेछ. सोहिबमोजिम थामिबक्स्यौं. आफ्नु ज-
८. गह जानि षातिरज्मासित सुषभोग्य गर. ईति सम्वत १८६० साल मिति भाद्रपद
९. सुदि ८ रोज ५ मुकाम कान्तिपूर शुभम्[1] = = = = = = =

[यस पत्रको सकल परराष्ट्रमन्त्रालयको ५३ सङ्ख्याको खाममा छ ।]

(४२ सङ्ख्या)

## काशीबाट रणबहादुर शाहले अमरसिंह थापालाई लेखेको पत्र

श्रीदुर्गा सहाय १

धर्मपत्र २ षर्म १/३

श्रीविश्वेश्वर श्रीगंगा श्रीकालभैरव श्रीअन्नपूर्णा ४

१. स्वस्ति श्रीसमस्तयोगकलाकोविदयोगीन्द्रगणांचितनीयसच्चिदानन्दस्व-
२. रूपपरिपूर्णपरब्रह्मानुचिन्तनतदेकताधिगमैकलालससांसारिकसक-
३. लविषयाभिलाषविनिर्मुक्तमानसेत्यादिविविधलोकोत्तरगुणग्रामाभि-

१. *भाद्रपदसुदि ८ रोज ५ मुकाम कान्तिपूर शुभम्* अर्कै अक्षरमा छ ।

४. रामश्रीश्रीश्रीमहानिर्व्वाणानन्दस्वामिनां सदा सत्कर्मशालिनाम् ------
५. आगे काजी अमरसिंह थापाके. नुवाकोट् पाटन् भयादेषी हाम्रा काजको
६. राजिकषेलमा तिमिले जानी नजानी गर्‍याको सम्वत् १८६० साल मि-
७. ति श्रावणसुदि २ रोज ४ सम्मको सबै बिराउं माफ् गरि आजदेषि – १
८. --- पुत्र तुल्याई -- २ -- लेषी बक्स्यौं. आजसम्मको दगा तिमिमाथि न-
९. राषनु. छलकपट हामिसित तिमिले नगर्नु. – ३ – पुत्र भई आजदेषी
१०. हाम्रा सोझा टहलमा लागनु. आजसम्मका बिराउंको मनमा दगा रा-
११. षि तिम्रा जिउधन् आवरोहमा पछि हामिले दगा नदिनु. यस् बातमा
१२. ------------ ४ ---------- बीचमा राष्यौं. अन्यथा नास्ति.
१३. ईति सम्वत् १८६० साल मिति श्रावणसुदि २ रोज ४ मुकाम बनारस
१४. मणिकर्णिकाघाट शुभम्

[यस पत्रको नकल परराष्ट्रमन्त्रालयको ५२ सङ्ख्याको खाममा छ । ]

(४३ सङ्ख्या)

## रङ्गनाथ पौडेललाई गुरुपदवी दिई सर्वस्व फुकाइदिएको कुरा परेको पत्र

श्रीः१

धर्म ७ काशी ६
श्रीगुरु रंगनाथ पंडितराज ४ श्रीबुबाज्यू ५

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावली-
२. विराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजगीर्वाण-
३. युद्धविक्रमसाहबहादूरसम्सेरजंगदेवानां सदा समरविजयिनाम्
४. आगे -- ८ --- ज्यूके. हिजो दुष्ट जनका प्रपंचले गुरुवरको धनवृत्ति ह-
५. रियाको अन्याय भयाको देषि -- ५ -- बाट – ६ – क्षत्रमा बाहालीका षा-
६. तिर्जामाको – ७ – पत्र गरिबक्स्याको रहेछ. आज मैले पनि पुर्षाको धर्म
७. थामनानिमित रानीका गुरुपदवीसमेत बहालीको मोहोर गरिबक्स्यौं.
८. आफ्नु घर षेत मधेस पहाडका बांधा बृत्ता जांहा जंहा छन्. तांहां तंहां
९. अमल गर्नुहवस्. धनमाल सर्कार लाग्याको सर्कारबाट बक्सीयेला.
१०. अच्छेउ रह्याको उनैछेउ बुझिलिनुहवस्. इति सम्वत् १८६० साल
११. मिति चैत्रवदि १० रोज ४ शुभम्

(पछिल्तिर)

मार्फत्सेरबहादुर शाह मार्फत् प्रांण साह मार्फत् रणोद्योत् साह

रुजु दलभंजन् पांडे रुजु जहरसिंह रुजु त्रिभुवन् रुजु भिमसेन थापा रुजु नरसिंह

[यस पत्रको नकल परराष्ट्रमन्त्रालयको ५४ सङ्ख्याको खाममा छ ।
रणोद्योत शाहको छाप लगाइएको छ ।]

(४४ सङ्ख्या)

## अछामको व्यवस्थासम्बन्धी पत्र

श्रीदुर्गा

श्रीदुर्गा

भवानि

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का – – – – –
२. आगे अछामका कंपनीका सुबेदार जमादारप्रति. डोटी कुमाउं-
३. मा केही काज पर्न गयो भन्या डोटी कुल्हर्चा दर्माहदार कंपनीले
४. कुमाउं जानुपर्न्याछ. तेस् बषत डोटीमा बल पातलो हुन जा-
५. ला. तसर्थ अछाममा रह्याका कंपनीका नालमध्ये केही नाल-
६. ले अछामका गढगौंडा थाम्नु. दुल्लुसंमको संभार राष्नु. कुमाउं-
७. मा रहन्या भारादारले लेष्याका बषतमा ताःहां थाम्न्या बल था-
८. मी केही नाल षजहनासमेत डोटीमा जानु. डोटीमा रह्याका भारा
९. सुबाका सलाहसंग हाम्रो बन्न्या सप्रन्या बषत्माफिकको का-
१०. म गर्नु. अछामका भरमुलुकमा ७।७ दिनमा जांच्न तिलंगा पठा-
११. ई कर्नालीलगायत् डोटीका सांधको चौषुट्यासंम अघि हुलाक
१२. बसाल्दा पठायाका मोहरबमोजीमका मानीस् बसाई हुलाकीको
१३. ताकीती गर्नु. घट्न नजाउन्. आया गयाका चिठीपत्र र एताबाट
१४. पठायाको षजाना कत्ति बिलंब बितवल् नपर्न्या गरी आफ्ना आ-
१५. फना ओडासंम पुर्‍याउन पठाउनु. ताहांका गढगौंडा र भत्क्या बि-
१६. ग्र्याको संाघु हातहतियार चांडो तयार गरी षजाना धना सर
१७. बिष् लिष्या कांड ठोक्रा सोला अनाज पानी पोष्त गरी राषी दे-
१८. सावरको षबर बुझी आठो पहर होसियारीसंग रहनु. इति संवत्
१९. १८६१ शाल कार्त्तिकवदि रोज शुभम् = = =

[यस पत्रको सकल परराष्ट्रमन्त्रालयको ६१ सङ्ख्याको खाममा छ।]

(४५ सङ्ख्या)

## डोटीको व्यवस्थासम्बन्धी पत्र

श्रीदुर्गा १

श्रीदुर्गा

भवानि

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का – – – – –

२. आगे डोटीका सुबाप्रति. तेस् अमल्भरिमा अधिदेषीका गढि
३. किल्ला भत्क्या बिग्रचाका सज्नु. नया बनाउनुपर्न्या ठाउं मा नया ब-
४. नाइ अन्नपानी जकिरा षजाना पोष्त गरी राष्नु. दक्षिणतिर मा–
५. नीस् हाली षबर बुझी आफ्नु सराजाम तयार गरी होसियारीसं –
६. ग बस्नु. कुमाउमा कतैबाट हंगामा उठ्न गया उहां रहन्या भा–
७. रादारले झिकाइ पठायाका बषतमा गढगौं डासमेत डोटी थाम्न्या
८. बल् ताहां राषी छरिता गरी कंपनी षजानासमेत चांडो कुमाउं
९. पठाइ उहांका भारा सुबाका सलाहसंग बषतमाफीक हाम्रो
१०. बन्न्या सप्रन्या काम गर्नु. डोटी भरअम्बलमा अघि रह्याका हु–
११. लाकको पनी ७/७ दिनमा सिपाही पठाइ ताकीती गरी आउन्या
१२. जान्या चिठीपत्र र एताबाट पठायाको षजाना कत्ति बिलम्ब तल्–
१३. बीच नपर्न्या गरी आपना आफ्ना ओडासंम चांडो पुन्याउन पठाउनु.
१४. दक्षिण पश्चिमको षबर तहकीत गरी आहां बिन्ति गरि पठाउं दै
१५. रहनु. इति संवत् १८६१ शाल कार्तिकवदि रोज शुभम् ——

[यस पत्रको सकल परराष्ट्रमन्त्रालयको ६५ सङ्ख्याको खाममा छ ।]

(४६ सङ्ख्या)

## पुरश्चरण गरेको रकम दिने कुरा परेको पत्र

श्रीदुर्गा सहाय १

श्रीदुर्गा

भवानि

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का – – – –
२. आगे मामा ईश्वरीदत्त मिश्र सुब्बा व्रजलाल पाध्याप्रति.
३. जिल्ला बारा पर्सा रौतहटका सलामीका आमदनीम-
४. ध्ये गोपाल भट्टले पुरश्चरण गऱ्याको दक्षिणा रु-
५. पैया यघार सै यक् ११०१ तनुषाह गरिबक्स्यौं. मो-
६. हर देषत ताकीत भरिदेउ. सलामीको बहि बुझदा
७. मोजरा पर्ला. ईति संम्वत् १८६१ साल पौषशुदि
८. ८ रोज ३ शुभम् = = = = =

(पछिल्तिर)

मार्फत् यदुनाथ पुरोहित त्रिभुवन्

[यस पत्रको सकल परराष्ट्रमन्त्रालयको ७२ सङ्ख्याको खाममा छ ।]

(४७ सङ्ख्या)

## चार अदालतका डिट्ठा र छेभडेलको व्यवस्थासम्बन्धी पत्र

श्रीदुर्गा सहाये १
श्रीदुर्गा
भवानि

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का – – – – – – – – – – – – – – –
२. आगे चार अदालतको डिठा र छेभडेलले गर्ना काजको बन्धेज गरिबक्स्यौँ. छेभं–
३. डेल्का रकम्को झगडा पऱ्यामा दुवैतरफको बिचारि रहि निसाफ पारि पाषा
४. पानी जो हुंन्छ. सो झगरा छिन्नु. तस्मा भयाको आमदनी चार अदालतका डिठा-
५. को बहिमा चऱ्हाई सो आमदानी छेभंडेलले मामुली दर्बारका षर्चमा लाउनु.
६. होम जग्यको काम नअटकाउनु. जो यस् बन्धेजमा रहोईन. तस्लाई डंड तम्बि
७. होला. ईति संम्वत १८६१ साल फागुनसुदि १३ रोज ४ शुभम्[१] ————

[यस पत्रको सकल परराष्ट्रमन्त्रालयको ६८ सङ्ख्याको खाममा छ।]

(४८ सङ्ख्या)

## भीमसेन थापालाई झोछेँटोलमा घरबारी दिइएको कुरा परेको पत्र

श्रीदुर्गा सहायः १
श्रीदुर्गा
भवानि

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधवि-
२. रुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्री-
३. श्रीमहाराजेगीर्वाणयुद्धविक्रमसाहबहादुरसम्सेर्ज्जङ्गदे-
४. वानां सदा समरविजयिनाम् – – – – – – – – – – – –
५. आगे काजी भीमसेन थापाके झोछेटोलमा वीरबहादु-

१. *ईति संम्वत १८६१ साल फागुनसुदि १३ रोज ४ शुभम्* अर्कै अक्षरमा छ।

६. र साहको घर बारि तस्को लगासमेत बिर्ता गरिबक्स्यौं. षा-
७. तिर्जमासंग आफ्नु बिर्ता घर जानी सन्तानदरसन्तान-
८. सम्म सुखभोग्य गर. इति संवत् १८६१ शाल चैत्रसुदि १३
९. रोज ५ शुभम् = = = = = = = = = = = = = =.

(पछिल्तिर)

मार्फत प्राण साह मार्फत् रणउद्योत साहः मार्फत अजम्बरसिंह मार्फ [त] नरसिंह

[यस पत्रको सकल परराष्ट्रमन्त्रालयको ६७ सङ्ख्याको खाममा छ ।]

(४९ सङ्ख्या)

## भेष फेरी कप्तान हेर्सी भोट पसेको कुरा परेको पत्र

श्रीदुर्गा सहायः ॥

१. स्वस्ति श्रीसर्वोपमाज्योग्येत्यादि सकलगुणगरिष्ट राजभारासमर्थ श्री-
२. काजी भीमसेन थापा श्रीरणध्वज थापाकेषू इत श्रीअमरसिंह थापा श्री-
३. रामदास थापाको शुभ आसिष साष्टांग सेवासतपूर्वकपत्रमिदं. जा-
४. हा कुसल छौं. ताहा कुसल मंगल आनंन्द सदा सरवदा रहोस्. आगे जा-
५. हाको समाचार भलो छ. उप्रांत अंगरेज हासि साहेब्ले भेक फेरि गढकुमाउ-
६. को दोसिवानाबाट पवन्षंड निस्कि घांडानितिको बाटो गरी उभो भोटतिर छिर्‍यो
७. भन्या चिठि गढकुमाउमा रहन्या भारादार सुबेदारले जाहा हामिलाइ लेषता
८. सो बिजिनिस्मेत बिस्तार अघि लेखि पठाजाथ्युं. पुग्यो हो. हासि साहेब्ले घा-
९. डानीतिदेषि उभो भोटमा गयापछि लासाको अमल् बेसहरको सिवाना २
१०. ३ दिनको बाटो गयापछि भोट्याहरुले छेक्याको रहेछ. तेस्तैमा येताबाट कपतान्
११. भगति थापाको जामादार जगरुप् षत् प्रभृति हुदा सिपाहि दोसिवाना-
१२. मा पुगि अंगरेजलाइ छेकन्या भोट्याहरुसित कुराकाहानि गरी फिरा-
१३. इ ल्याउं भनि कपतान् भगति थापालाइ लेख्याको रहेछ. सो बिजि-
१४. निस् सर्कारमा चन्हाइ पठायाको छ. तेसैले बुझौला. जामादार
१५. जगरुप् षत्लाई हामिले क्या लेषि पठाउं भन्या तेस अंगरेजलाइ
१६. श्रीनगरमा ल्याइ बढिया घरमा राषि षानापिनाको संभार ग-
१७. रि चौकिसित राष. तिह्नंरुले पनि सरकार बिंति गरि पठाया हौ.
१८. हामिले पनि येस्कुराको सर्कारमा बिंति गरि पठायाको छ. उसको ज-
१९. वाप् मर्जि सर्कारबाट आयाबमोजिम् गरौंला भनि जगरुप् षत्

२०. जामादार गढमा रहन्या कम्पनि सुबेदार जामादार जगदेउ थापा वा-
२१. जवर्न थापा बाहादूर षड्कालाइ लेषि पठाजुं. त्यो हासि साहेब् उभो
२२. गयाको भन्या गढमा पातलो देषता त्यो बाटो गै भोट छिचोलि कास-
२३. मेर हेरी जंबुको बाटो गरि फिर्नु भन्न्या बुझ्ले गयाको होला भनि बुझिन्छ
२४. बरेलिबाट जयराम जैसिले रणजोरलाइ लेष्याको चीठीमा पनि ये-
२५. हि पाठसित कस्मेर हेरि फिर्न्या बुझ छ भनि लेषि पठायाको थियो. सो बी-
२६. जीनीस्मेत् सर्कारमा चन्हाइ पठायाथ्युं. लालमोहोर ल्लि अघि आ-
२७. उन्या अंगरेजले र येस पाला येस्ले उभो जान पाउदामा गढकुमाउ-
२८. को मुलुक् र सिवानाको भोटको केहि मुलकको कैफियेत् चरगम् भन्या
२९. अंगरेजले पायो. येस्लाइ थुनि राषतामा भन्या हासिलाइ गोर्षाले
३०. थुन्यो भन्न्या अंगरेजका पेटमा पर्न जान्याछ. येसै पठाइदिदा पनी बढि-
३१. या पर्दैन. संनेसिको भेक गरि हासि साहेब् हांम्रा र भोटका सिवानामा
३२. पुग्दा चिनका सिवानामा रहन्या अंबा ढेवा सुबाहरुले यो तिम्रा अबल्-
३३. देषि आयो तपनि हांम्रा अमल्मा जाहादेषि उभो जान दिदैन भनी फी-
३४. रायि हाम्रा ठानादारका जिम्मा गरिदियाछन् र हांम्रा अमलमा उन्ला-
३५. इ थाम्याको छ. तिम्रा सल्लाहले आयाको भया तेस् कुराको सल्ला हामि-
३६. लाइ पनि लेषि आउदो हो. सो आयेनथ्यो. यो कसो हो भन्न्या थाठसि-
३७. त कलकत्ता बडासाहेबलाइ सर्कारबाट र तिह्रुरुबाट लेषि पठाउ-
३८. न्या काम भया बडासाहेबबाट उसको उत्तरा क्या आउछ. उन्ले लेष्या-
३९. पछि येस्लाइ नेपाल झिकाइ पठाउदा पनि मुलुक्को चरगम् पा-
४०. उछ. ञाहि राषनु पनि सव्य छैन. गढैदेषि पठाइदिन्या काम गर्नु
४१. बढिया छ. इति संवत् १८६९ साल मीति आश्विनसुदी २ रो ४ मुकाम कु-

(छेउमा)

मांरसैन शुभम् — — —

(पछाडिपट्टि पछि लेखिएको)

हासिसाहेब भेस बदलि भोट पस्यो – –

[यस पत्रको सकल परराष्ट्रमन्त्रालयको १३० सङ्ख्याको खाममा छ ।]

(५० सङ्ख्या)

## गोरखालीहरुको अधिकारमा आएका राज्य

श्री

१. श्रीगोर्षा ———————————————

| | |
|---|---|
| २. लमजुंका राजाका संतान छैन. चौतरियाका नाति विचित्र साही राज्य | ८००० |
| ३. कास्किका नरनारायण साही राज्य | ८००० |
| ४. नुवाकोट्का श्रीभद्र साही राज्य | ६०० |
| ५. सतौंका तेगबाहादुर साही राज्य | २००० |
| ६. भीर्कोट्का प्रेमबम्बर षान् राज्य | ६००० |
| ७. गऱ्हौंकोट्का अरिभन्जन् षान् राज्य | ६००० |
| ८. ढोरका राजाका असल् संतान छैन. कमसल् छन्. काजिका नाति असलछन्. | २००० |
| ९. मकवानपुरका राजा उदयप्रताप सेन् राज्य | ८००० |
| १०. तन्हौंका राजाका असल संतान छैन. राज्य | ८००० |
| ११. रिसिंका राजाका संतान छैनन्. चौतरियाका नाति रामनगरमा गयाका छन्. | ६००० |
| १२. पऱ्युंका पृथ्वीपालसिं राज्य | २००० |
| १३. पालपाका विजय सेन राज्य | १२००० |
| १४. गुल्मीका सम्सेरबाहादुर साही राज्य | ६००० |
| १५. अर्घाका राजाका संतान छैनन्. चौतरियाका नाति उजेन्द्र साही राज्य | ४००० |
| १६. षांचिका दल साही राज्य | ४००० |
| १७. इस्माका वेणिप्रसादसिं राज्य | ४००० |
| १८. धुर्कोट्का रविनारान मल्ल राज्य | ७०० |
| १९. मुसिकोट्का आनन्दसिं राज्य | २००० |
| २०. पर्वत्का इन्द्रप्रताप मल्ल राज्य | ८००० |
| २१. गलकोटका पृथ्वीबम् मल्ल राज्य | २००० |
| २२. प्युठानाका रुद्रचन्द गोरषपुर छन्. राज्य | १२००० |
| २३. उदैपुरका ... राज्य | |
| २४. षुंरिका बौद्धनारानसिं राज्य | ५०० |
| २५. गजुलका राजाका संतान मधेस् छन्. राज्य | १५०० |
| २६. रुगुम्का दन साही राज्य | ४००० |
| २७. छिल्लिका राजाका संतान छैन. चौतरियाका नाति नरविर साही राज्य | ७०० |
| २८. फलावांका राजा दानबाहादुरसिं तुलसिपुर राज्य | ४००० |
| २९. सल्ल्यान्का राजा तेजबाहादुर साही राज्य | ४००० |
| ३०. दार्मा...राज्य | ३०० |
| ३१. जाजर्कोट्का राजा दिपनारान् साही राज्य | ८००० |
| ३२. दैलेष...राज्य | ८००० |
| ३३. दुल्लुका भक्त साही राज्य | ४००० |
| ३४. अछाम्का श्रीमोहदर साही राज्य | ३००० |
| ३५. बाजुराका राजा मन्धिर साही राज्य | १७०० |
| ३६. थलराका गजेन्द्रसिं राज्य | ६००० |
| ३७. बझांका राजा गजराजसिं राज्ये | ४००० |

| | |
|---|---|
| ३८. डोटीका बलदेव साही राज्य | १४००० |
| ३९. जुमलाका नरनारायण साही राज्य बाइस पषू | २२ |
| ४०. सुनिका भगवंत बम् राज्य | ७०० |
| ४१. बिम्बकोटका श्रीचक्र साही राज्य | ६००० |
| ४२. कांढाका सुदत्त बम् राज्य | ६० |
| ४३. घुंदकोट्का महिमन साही राज्य | ३००० |
| ४४. दर्ना ... राज्य | १६० |
| ४५. पातल् ... राज्य | १२० |
| ४६. कुंढि ... राज्य | ७०० |
| ४७. पल्लो मुसिकोट् | ३०० |
| ४८. जाहारि | ३०० |
| ४९. बाफि | ३०० |
| ५०. गोताम् | ३०० |
| ५१. मर्मा | ३०० |
| ५२. बडागाउ | ३०० |
| ५३. रमालगाउ | १०० |
| ५४. सुइकोट् | २०० |
| ५५. रोलपा | ३०० |
| ५६. मलवार | १२०० |
| ५७. आठबीस | १२० |
| ५८. रिडीकोट | ३००० |
| ५९. तलकोट | १२० |
| ६०. तेढि गैन्हो | १२० |
| ६१. मालनेटा | ७०० |
| ६२. गुर्भाकोट | ६००० |
| ६३. घिरिंका राजाका असल कमसल छन्. राज्य | २००० |
| ६४. किरात चौडंडी | १३००००० |
| ६५. मुस्तांका ... राज्य | |
| ६६. सहर भादगाउका राज्य | १२००० |
| ६७. सहर पाटन् राज्य | २४००० |
| ६८. सहर काठमाडौका राज्य | १८००[०] |
| ६९. जम्मा राज्य ६७ उदैपुर मुस्तां जुमलाबाहेकको ज्मा | १५६०००० |
| ७०. माहाकालिपश्चिम् कांगडासम्म छुटचाका मुलुक | |
| ७१. कुमाउका राजा महिचंद्रको मुलुक | १ |
| ७२. गढका राजा प्रदिमन साहीको मुलुक | १ |
| ७३. श्रीमुहोडका राजा करम्प्रगासको मुलुक | १ |

७४. कुपरका राजाको मुलुक १
७५. बेसरका राजाको मुलुक १
७६. बघाट्का राजाको मुलुक १
७७. हंडुरका राजाको मुलुक १
७८. कहलुरका राजा इश्वरसिंको मुलुक १
७९. मंडीका राजा माहाचंदको मुलुक १
८०. सुर्खेत्का राजाको मुलुक १
८१. कागडाका राजा संसारचन्दको मुलुक १
८२. गुलेरका राजा भुपचन्दको मुलुक १
८३. कुल्लुका राजाको मुलुक १
८४. चंपाका राजा जित्तसिंको मुलुक १
८५. कोटिल्का राजा ध्यानसिंको मुलुक् १
८६. जमुवाका राजाको मुलुक १
८७. दत्तापुरका राजाको मुलुक १
८८. नुनपुरकाका राजाको मुलुक १
८९. सिवाको मुलुक् १
९०. कोटलोहारका राजाको मुलुक १
९१. जम्मा राज्य २०
९२. सबै जम्मा ८७

(पछाडिपट्टि पछि लेखिएको)

श्रीगोर्षा सर्कारका अम्बलका राज्यराज्यका राजाहरुका नाम र येति येतिको 'राज्य भन्न्या संष्यासमेत र महाकालीपश्चीम् काङडासम्म छुटेका मुलुक र राजाहरुका नामस्मेतको

(यस पत्रको नकल परराष्ट्रमन्त्रालयको १४० सङख्याको खाममा छ।)

(५१ सङख्या)

## नुवाकोटदरबारमा गरिने बडादसैँको लागि राँगा खरीद गर्न पठाएको कुरा परेको पत्र

श्रीदुर्गा
श्रीदुर्गा
भवानि

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का — — — — —
२. आगे हलड्याका अमालीदारप्रति. बडादसैका मामुली रागा षरिद

३. गर्नाके रुपैया २ पठायाको छ. चोषो ठूलो षुन केहि नभयाको रा-
४. गा १ आसीनसुदि ७ का दिन नुवाकोट दर्बार दाषील गरि रसिद
५. लि जानु. लेष्यामाफीक नपठाया अप्सरीया हौला. ईति सम्वत
६. १८७४ साल मिति दुतिये श्रावणसुदि १४।१५ रोज ३ शुभ्म् =

[यस पत्रको सकल नुवाकोटका द्वारे श्रीगणेशकुमार शाहीको सङ्ग्रहमा छ ।]

(५२ सङ्ख्या)

## गन्धक ल्याउने कुरा परेको पत्र

श्रीदुर्गा

छापमा-
श्री वि
श्वे श्व
र

श्री ५ सर्कार

१. स्वस्ति श्रीजनरलभीमसेनथापाकस्य पत्रम् – – – – – – – – – – – – – – – –
२. आगे विष्णुमतिदेषि चितउंन् जिल्लासम्म जगाजग्गाका सुबेदार ज्मा-
३. दार उमराउ हुद्दा सिपाहि चौकिदार रकम गैन्हका तहसीलदारके जथो-
४. चित. उप्रान्त नुवाकोटका धांमिमार्फत् – – – – दाषील गर्नानिमित्य तेस बाटो
५. गरि गंधक ल्याउंनन्. रोक्टोक् नगर. सरासर जांन आउंन देउ. इति सं-
६. वत् १८७४ साल मिति फागुणसुदि रोज सुभम् = = = = =

[यस पत्रको सकल नुवाकोट भैरवीका धामी श्रीहरिमानसिंह डङ्गोलको सङ्ग्रहमा छ । पहिलो पङ्क्तिको शुरूमा छाप लगाइएको छ ।]

(५३ सङ्ख्या)

## औषधिको लागि जडीबूटी खोज्न पठाएको कुरा परेको पत्र

श्री: १

छापमा-
श्री
सिं ह
बी र
पा डे

१. स्वस्ति श्रीधामि राजमानसिंके श्रीकपतान सिंहवीर
२. पाडेको सलाम. ऊप्रांत ञाहा वषति तेल पकाउना-
३. लाई जरिबुटि लिन जुठ् थापालाई पठायाको छ. यस्-
४. ले नचिन्ह्या नजान्याको तिमिले षोजि चिन्हाई देषा-
५. ई पठाईदिन्या काम गर्‍या. इति सम्वत १८७९ साल मि-
६. ति कार्तिकसुदि ४ रोज १ शुभम्

[यस पत्रको सक्कल नुवाकोट भैरवीका धामी श्रीहरिमानसिंह डङ्गोलको सङग्रहमा छ। पहिलो पङक्तिको शुरूमा छाप लगाइएको छ।]

(५४ सङ्ख्या)

## नुवाकोटको ऋषिवनको सुरक्षासम्बन्धी पत्र

श्रीदुर्गा १

श्रीतलेजु १      श्रीदेवीका २

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का
२. आगे नुवाकोटका सालवसालका द्वार्‍या अडै चैधरी रैती गृहप्रती. ताहाका माथील्ला को-
३. टका – २ – का थानको रिषीवन हिजो रिषीले तपस्या गर्न्या वन रहेछ. आज त्यो वन
४. फाडीदीया भनि धामिले हाम्रा हजुरमा जाहेर्गर्दा हीजोका बमोजीं – २ – जात्रामा प्र-

५. दछीना गऱ्याबाट माथी रिषीवन कसैले कमावनू हुदैन. त्यो वन हिजो पाल्याबमोजीं षाली
६. जातजातका रुषका बिरुवा लावनू. वन गुलजार गरी पाल्नू भनि धामिको तैनाथ ग-
७. रीबक्स्यौं. जस्ले यो बन्देज नाघीकन वन काटौला. सो अपसरीया हौला. ईती संवत् १८८८ साल
८. मिती आषाढवदी १३ रोज ५ शुभं ———

[यस पत्रको नकल नुवाकोट भुटोलका श्रीचन्द्रलाल श्रेष्ठको सङग्रहमा छ ।]

(५५ सङख्या)

## बिरामी भएका नुवाकोटका धामीलाई औषधि गर्न काठमाडौं बोलाइएको कुरा परेको पत्र

श्रीदुर्गाज्यू
श्रीदुर्गा
भवानि

श्रीदेवता

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का – – – – – –
२. आगे धामि राजमानसिंके आशिष. उप्रांत तेरा जियमा संच छैन
३. भनि हाम्रा हजुरमा बिंति पऱ्यो. तसर्थ ताहा – – – का पूजालाई ते-
४. रा भाईभतिजा राषि अघि जस्ता रितले आयाको हो. सो रितसग तं
५. ईलाज गर्न जाहा आईजा. ईति सम्वत् १८८९ साल मिति मार्गसिरसु –
६. दि ११ रोज २ शुभम् – – – – – –

(पछिल्तिर)
मार्फत् भीमसेन थापा

[यस पत्रको सकल नुवाकोट भैरवीका धामी श्रीहरिमानसिंह डङ्गोलको सङग्रहमा छ ।
भीमसेन थापाको छाप लगाइएको छ ।]

(५६ सङख्या)

## वि. सं. १८९० देखि १९०२ सम्मको कुरा परेको टिपोट

स्वस्ति श्रीसम्वत् १८९० साल मिति फार्गुनवदि १२ रोज ६ मा श्रीभैरविका धामिका बाऱ्ह वर्षका पोसाक् फेर्दा चाहिन्या मामुलि तपसिल

श्री ५ माहार्जा राजिन्द्रविक्रम साहः जर्नेल भिमस्येन थापाः कबर्डार गरुधोज पाडे षजांचि उमाकांतः

द्वान्या डण्डविरः दिट्ठा कालिदासः धामि राजमानसिः बाडा धनः अग्रितमुनिः साषेमुनिः समंटभद्र

स्वस्ति श्रीसाके १७६५ सम्वत् १९०० साल मिति वैसाषशुदि २ रोज ३ मंगलवारका दिन घरि २।३ बाकि छ्रंदा काजि कुलराज पाडे १ करविर पाडे १ रनभं थापा १ कर्नसि दिट्ठा १ एति चार जनालाइ विष्णुमतिपारि कात्यो. काततु अघि विछ्न लामपुर्छन्या तारा निस्याको ठियो. पछि कात्या. कालु पान्याको जाहानै मदेस धपाइदियो. कातन्याहरुको सरवस्य भयो. धपाइदियो.

स्वस्ति श्रीसाके १७६७ सम्वत् १९०२ साल मिति वैसाषशुदि ११ रोज ७ सनिचरवारका रात्रिमा जर्नेल माथर्बसि ठापालाइ जर्नेल जंगबाहादुरले बैथोक्मा बंदुक्ले हानि मान्या. चैत्रशुदि १५ रोज ३ परेवाका दिन पानि नपरि उसै दादि षोला बान्हि आयो. पछि वैसाषशुदिमा माथर्बसिलाइ मान्या.

[यस टिपोटको सकल नुवाकोट भैरवीका धामी श्रीहरिमानसिंह डङ्गोलको सङग्रहमा छ ।]

(५७ सङख्या)

## श्री ५ राजेन्द्रकी जेठी छोरीको विवाहको गोडधुवा नुवाकोटका धामीखलकलाई माफ गरिएको कुरा परेको पत्र

श्रीः१

श्रीजेठा मैजासाहेब

१. स्वस्ति श्रीमच्चौतरिया फत्यजङ्ग साह श्रीजनरल जङ्गबहा-
२. दुर कुवर श्रीजनरल गगनसिंह श्रीजनरल अभीमानसिंह-
३. रानाकस्य पत्रम् ——————
४. आगे नुवाकोट्तरफ् – – – का विवाहमा उठ्याको गोडधु-
५. वा रकम् उठाउन जान्या जमादार हुद्दा सिपाहि जन गैन्हके य-
६. थोचित्. उप्रांत नुवाकोटका धामितरफ्का षलकि गैन्हलाई
७. अघिदेषी गोडधुवा रकम लाग्याको थियेन. यो साल गोड-
८. धुवा रकम् त्याउ भनि टंटा गर्छन् भनि नुवाकोटका धामी जा-
९. हा कराउन आया. तसर्थ अघिदेषी नुवाकोट्या धामिका ष-
१०. लकिलाई गोडधुवा रकम् लाग्याको रहेनछ भन्या यो साल-
११. मा पनि टंटा नगर. छाडीदेउ. इति सम्वत् १९०२ साल मिति
१२. फाल्गुणसुदि ६ रोज ४ शुभम् ☰

[यस पत्रको सकल नुवाकोट भैरवीका धामी श्रीहरिमानसिंह डङ्गोलको सङग्रहमा छ । पत्रको शुरुमा फत्यजङ्ग, जङ्गबहादुर, गगनसिंह र अभिमानसिंहको छाप लगाइएको छ ।]

(५८ सङ्ख्या)

## कोतपर्वसम्बन्धी टिपोट

स्वस्ति श्रीसाके १७६८ सम्वत् १९०३ साल मिति आसुणवदि १० रोज ३ मंगलवारका राति जर्नेल गगन्सिं सं न्या गऱ्याका वेलामा बंदुक्ले हानि माऱ्योः तेहि रात्रि कोटमा चैतरिया भारादारुलाइ माहारानि पनि कोतैमा पाल्नुभयाको थियो. माहारानिले पनि कात भनि हुकुम् भयो र जर्नेल जंगबाहादुरले बंदुक्ले हानि चैतरिया फतजंग साहलाइ माऱ्या. उसैले राना जर्नेललाइ फेरि बंदुकले हानिकण माऱ्या. अरु भाराडारलाइ उस्का भाइहरु उसैका आठपरियाले कात्या. मर्न्याहरु चैतरिया फतजंग् साहका जेठा छोरा १ काजि दलभंजन् पाडे १ विरकेसर पाडे १ कृतिधोज पाडे १ रनगंभिर पाडे १ विरकेसर पाडेका केतिपटिका छोरा १ रनजोर थापा १ डण्डकेसर ददा १ रसंसिका जेठा छोरा द्वाऱ्या १ सबै ज्मा भारादार्कपृता जम्दार हुदासमेत ज्मा ३६।४० हुलमा पऱ्यो.

[यस टिपोटको सकल नुवाकोट भैरवीका धामी श्रीहरिमानसिंह डङ्गोलको सङ्ग्रहमा छ ।]

(५९ सङ्ख्या)

## वि. सं. १९०३ देखि १९१२ सम्मको घटनाको टिपोट

स्वस्ति श्रीसाके १७६८ सम्वत् १९०३ साल मितिः रोजः मंसिरका दिन ५ जादा श्री ५ माहाराजा कासि पालनुहुन्या सायेत एकदेउ वैदको घरमा भयो. वाहादेषि मंसिरका १८ दिन जादा श्री ५ माहाराजा कांछा माहारानि साहिला साहेब काहिला साहेबसमेत कासि पालनुभयो. कासिबाट फिनुभै सुगुलिमा मैना ३ राज गनुभयो.

वाहादेषि स्वस्ति श्रीसम्वत् १९११ साल मिति श्रावणशुदि ३ रोज ५ देषि मुलुकमा सिपाहि पि[पा]को ऊर्दि भै गाऊगाऊमा मुलुक् रैतान् सबैको घरहि १ लाई सिपाहि पिपा षलासी तुल्यायो. १९१२ साल वैसाषमा भोट् हानी ऊगाको साढ भयो.

[यस टिपोटको सकल नुवाकोट भैरवीका धामी श्रीहरिमानसिंह डङ्गोलको सङ्ग्रहमा छ ।]

(६० सङ्ख्या)

## श्री ५ सुरेन्द्रको गादिममारख नुवाकोटका धामीखलकलाई माफ गरिएको कुरा परेको पत्र

स्वस्ति श्रीप्राइमानिष्टर यान् कम्यांडर इन्चिफ् जनरल जङ्गबहादुरकुवरकस्य पत्रम्———
आगे नुवाकोट्तरफ् गादिममारष उठाउन जान्या ज्मादार हुदा सिपाहि जन गैन्हके यथोचित.
उप्रान्त नुवाकोट्का धामितरफ्का षलकि गैन्हलाइ अघिदेषि गादिममारष रकम् लाग्याको थिन. यो साल् गादि-

ममारष ल्याउ भनि टंटा गर्छन् भनि नुवाकोट्का धामि जांहा कराउन आयो. तसर्थ अघिदेषि नुवाकोट्का धामि-षलकिलाइ गादिममारष रकम् लाग्याको रहेनछ भन्या यो सालमा पनि टँटा नगर. छाडिदे.

इति सम्वत् १९०४ साल मिति फाल्गुनवदि ३० रोज १ शुभम्

(यस पत्रको नकल नुवाकोट भैरवीका धामी श्रीहरिमानसिंह डङगोलको सङग्रहमा छ।)

(६१ सङख्या)

## चेतसिंह थापा र भवानीप्रसाद थापालाई घरबारी दिइएको कुरा परेको पत्र

श्री १

१. स्वस्ति श्रीमद्राजकुमारकुमारात्मज श्रीप्राईमीनीष्टर
२. यान् कम्याण्डर ईनचीफ जनरल जङ्गबहादुर कुवर राणाजी
३. श्रीकम्यांडर ईनचीफ जनरल बम्बहादुर कुवर राणाजीकस्य प-
४. त्रम् – –
५. आगे काजी चेतसीं थापा कपतान भवानीप्रसाद थापा-
६. के. तिमीहरुले घरबारीको ठेगाना नभै हामीले दुष पाऱ्यौ
७. भनी हामीसीत बीन्ती पार्दा मालुम भयो. तसर्थ काजी बक्त-
८. वार भडारीको जफती कील्टुंको गाउब्यासीका षाली रह्या-
९. का घरबारी १९०८ साल्देषी तीमीहरुलाई घरबारी गरी
१०. दीन्यू. आफना षातीरज्मासीत घरबारी जानी चलं गर.
११. इति सम्वत् १९०८ साल मीती मार्गसुदी ४ रोज ४ सुभं

[क्लिटुङ देवीथान बस्ने मानकुमारीका छोरा तिलकध्वज थापाले प. १ नं. गोश्वारा अड्डामा १९९६ श्रावण २९ गते पेश गरेको नकल। हाल यो नकल पत्र नुवाकोट मालपोत कार्यालयमा छ।]

(६२ सङया)

## युवराज त्रैलोक्यको विवाहमा नुवाकोटका धामी बोलाइएको कुरा परेको पत्र

श्रीः

श्रीभैरवी श्री ५ साहेबज्यू महाराज

२ १

१. स्वस्ति श्रीमद्राजकुमारकुमारात्मज श्रीकम्यांडर इनचिफ् जन –

२. रत्न कृष्णबहादुर कुवर राणाजीकस्य पत्रम् – – – – – – –
३. आगे नुवाकोटका धामी जितमानसिंके जथोचित. ऊप्रान्त जा –
४. हा – – १ – – का जेष्ठ मैन्हाका १८ दिन जादा विवाह हुंछ.
५. तिमिले ताहा – – २ – – – का नित्य पूजालाई तिम्रा भाइछोरा-
६. हरुलाइ राषी दसषत देषत तिमिले जाहा आउन्या का-
७. म गर. इति सम्वत् १९१४ साल मिती जेष्टवदी १४ रोज ६ शुभम्[1] – – – – – –

[यस पत्रको सकल नुवाकोट भैरवीका धामी श्रीहरिमानसिंह डङ्गोलको सङग्रहमा छ। पहिलो पङक्तिको शुरूमा कृष्णबहादुरको छाप लगाइएको छ।]

(६३ सङख्या)

## वि. स. १९२५ मा एकजना ब्राह्मणोको क्रियाखर्च

श्री

साके १७९० साल मार्गबदी ६ रोज ५ मा बलभद्र पाडेकि आमा षस्ता षर्च भयाको तपसिल

नीजकी आमाको चांदिका बालाके तोला ८ दर सरिको मोल मोहोर रु ८ ।। त्यसमा राडि १ गुन्यु १ चोलो १ बर्को १ षोडसि १ क्रियापुत्रिलाइ धोति बर्को छोपो कात्रो जम्बाके रु ५ ☰ एकादसाको मोरु ।।। सपिंडिके मोरु ।। ☰ शुद्धसांतिका दिन चावल् ब्यसायाके मोरु ।। वैतर्निके ।। दसदान् पाठ्पुजा जम्यके मोहोर रु ... धान् किन्याके मोहोर रु १।। नुनके माना १ के पैं =। मसलाके ।। घिउ किन्याको माहा ।। बलभद्र पाडेके भाडा तमन् ज्मा १२। = ।।। कसन् पितल् फलाम् जम्बा भाडाके तपसिल

| | | | |
|---|---|---|---|
| तावाको कलस् | १ | | |
| तावाको छाप्री | १ | | |
| पितल्या तसला | १ | माना २ पाकन्या | |
| कासको बटुको | १ | | |
| ढलवट्या करुवा | १ | | |
| तामाको पन्यु | १ | | |
| फलाम्या डाडु | १ | | ज्मा थान १७ |
| षुकुरि | १ | | |
| षुर्पा | १ | | |
| तरवार | १ | | |

---

१. जेष्टवदी १४ रोज ६ शुभम् अर्के अक्षरमा लेखिएको छ।

| | |
|---|---|
| बन्चरो | १ |
| कोदालो | १ |
| कोदालि | १ |
| ताप्क्या | १ |
| तावाको दियो | १ |
| कुटो | १ |

साछि रामकान्त सिलुवाल् १ कृष्ण सिलुवाल् १ कान्छा षत्रि बुर्लाकोटि १ नन्दलाल पाडे १ हेमाकर पाडे १ धुंसलाल पाडे १ अकबर्षत्री १

[यस पत्रको नकल नुवाकोट बोहोरापानीका श्रीमुकुन्दराज पाण्डेको सङग्रहमा छ ।]

(६४ सङ्ख्या)

## नुवाकोट भैरवीको मन्दिर बनाउन क्षारा लगाइएको कुरा परेको पत्र

छापमा-
श्री
भैरवी

१. स्वस्ति श्रीनुवाकोट् १ लम्बर मिलेसीया बक्यौता तहसील अडाकस्य. नुवाकोट्का धामि रत्नमान्के
२. पुर्जि. उप्रांत तिम्रा जीम्मा ह्लच्यां देवीघाट् बटार रामच्या नुवाकोट्का ज्मा घर ३०९ लाइ — — ¬ —
३. का देवल बनाउन्या कामलाइ रोज चाहीयाबमोजीम्को क्षाराली ल्याई देवल नसीधियास-
४. म्म रोजवरोज काम गर्नालाइ ल्याउन्या काम गर. इति सम्वत् १९३६ साल मिती मा-
५. घसुदी १५ रोज ५ शुभम् — — — —

[यस पत्रको सकल नुवाकोट भैरवीका धामी श्रीहरिमानसिह डङ्गोलको सङग्रहमा रहेको छ । पहिलो पङक्तिको शुरूमा छाप लगाइएको छ ।]

(६५-६६ सङ्ख्या)

## गोरखाको तल्लाकोटदरबारमर्मतसम्बन्धी दुइ पत्र

१. कौसी तोसाषानाका हाकीम्कारींदाले पुर्जी हेरी गोर्षा तल्लाकोट्-
२. का दर्बारमा श्री ५ माहीला साहेबज्यू राज हुनालाई सो दर्बार सबै ष-

३. न्याउनुपर्न्या हुदा सो षन्याउनालाई सोही दर्बारमा मीलेसीया प-
४. ल्टंका कोत गारद बक्यौता गोदाम् अदालत्का र पल्टंका तलब द-
५. र्माहा बाडन्या रुपैञास्मेतको तह्बील गोदाम्को रसद बक्यौता गो-
६. दामस्मेतका लेषपढको अडा अदालतको थुनुवा राष्न्या क्षेलषा-
७. ना सर्कारीया इंजायेनी माल असवाफ गैन्ह रह्याको हुनाले सो
८. सर्कारीया कोत गारद तह्बील रसद र इंजायनी माल असवाफ
९. गैन्ह अडास्मेत् सार्नाके साबीक ३६ साल्मा अरु पश्चिम् ३।४ लम्बर अडामा पक्की कोत् गोदाम्
१०. कचहरी घर बनाउनालाई गयाबमोजीम हाल पश्चीम् २ लम्बर
११. गोर्षा अडामा पनि छुट्टा पक्की कोत् गोदाम् कचह्री घर बनाउ-
१२. नालाई चाहिन्या मोहरु १०६८ जीम्मावारी दीनु भंन्या पुर्जीमा
१३. छाप लागी आयाको रहेछ. साबीकबमोजीम् क्षारा गोहारी लाउ-
१४. न र नेपालका ढुंगे सीपाही पाउदैनन्, ज्यालादारी लाउनु भंन्या
१५. भैं हाल क्षारा गोहारी लाउन र ढुंगे सीपाहीस्मेत नपाउन्या हुदा र
१६. ढुंगे षेतालास्मेत गैन्हलाई ज्याला दीनुपर्न्या हुदा सो साबीकका जी-
१७. म्मावारी रुपैंञाले पुग्ने भयन. सो साबीकबमोजीम्का जीम्मा-
१८. वारी रुपैंञामाथी हाल थप् १००० बक्स्या मात्र काम् चल्न्या दे-
१९. षीनाले सोहीमाफीक हाल पश्चिम २ लम्बर गोर्षा अडामा छुट्टा पक्की
२०. कोत गोदाम् कचह्री घर बनाउनालाई साबीकबमोजिम् चाहीन्या
२१. मोरु १०६८ जीम्मावारी दीनु भंन्या अघी भयाको पुर्जीबाहेक
२२. हाल ढुंगे षेताला गैन्हलाई ज्याला बाडनाके चाहीन्या फेरी
२३. थप मोहरु १००० पश्चिम् २ लम्बर बक्यौता अडाका षरीद[ा]र भांनारान्का नाउ-
२४. मा जीम्मावारी षर्च लेषीदीनु भंन्या कौसी तोसाषानाका नाउमा सनद गरी
२५. बक्सनुपर्न्या अँन सवाल् सनद नहुदा चीत्तले ठहराञ्यूं भनी पश्चिम गोश्वारा अडाका
२६. श्रीकर्णेल सुरथजङ्ग राणा बहादुरले हाम्रा हजुरमा बीन्ती पार्दा जाहेर भयो. तसर्थ सो ठह्रा-
२७. बमोजीम् हाल पश्चिम २ लम्बर गोर्षा अडामा छुट्टा पक्की कोत गोदाम कचहरी घर ब
२८. नाउनालाई साबीकबमोजीम चाहीन्या मोहरु १०६८ जीम्मावारी दीनु भंन्या
२९. अघि भयाको पुर्जिबाहेक हाल ढुंगे षेताला गैन्हलाई ज्याला बाडनाके चाहीन्या फे–
३०. री थप मोहरु १००० पश्चिम २ लम्बर बक्यौता अडाका षरीदार भांनारान्का नाउमा
३१. जीम्मावारी षर्च लेषी अँन सवाल्को रीत पुर्‍याई दीन्या काम गर. इती सम्वत् १९४२
३२. साल मीती भाद्रसुदी २ रोज ६ शुभम् – – –
३३. भाद्रसुदि २ रोज ६ मा तपसीलबमोजीम्का मानीसले जाचदा मुनासीब ठह्राञ्यू.
३४. पुर्वतर्फका कम्यांडीङ जनरल रणवीर जङ्गबहादुर राणा – १
३५. कम्यांडर कर्णेल तेजबहादुर राणा – १
३६. गुरु प्रोहीत बजांची वामदेव पंडीतज्यू – १
३७. मुल्की सुबा भक्तविर राजभडारी – १

३८. सुबा सीवप्रसाद उपाध्या – १
३९. अैनषानाका राइ[ट] र जोगेश्वर जोसि – १

(छेउमा)

सक्कलबमोजीम नक्कल दुरुस्त छ भनी सहीछाप गर्ने पश्चिम गोश्वारा अडा
हस्ते पश्चिम गोश्वाराका बहीदार रघुवीर

पश्चिम् २ लम्बर अडाका कपतान जुद्धवीर अधीकारी क्षत्रीले पुर्जी हेरी गोर्षा तल्लाकोट् दरबारमा श्री ५ म[ा]हीला साहेबज्यू राज हुनालाई भत्क्या बीग्रयाको बनाउन कती कती पर्छ. माल्ताल् रुपैञा पैसा कती कती लाग्छ. सो बेहोरा लेषी हाम्रा हजुरमा जाहेर गर्नु भंन्या मेरा नाउमा पुर्जी भै आयाबमोजीम् सो दरबारमा जाचबुझ गर्दा भत्क्या बीग्रयाको केही छैन. लीपपोत गर्‍या पुर्‍या रहेछ. प्रभु सर्कारबाट रसद गोदाम् बक्यौताका कचहरी तहबील मीलेसीयाको तहबील वर्ष दीनसम्म भर्ना भयाका मीलेसीयाको सीपाहीको गारद अदालतको थुनुवा रह्याको छ. पुर्व दक्षिण लंको छेडी दलान्स्मेत् सबै छोडीदीनु भंन्या बक्यौता तहसीलका षरीदार भान्नारांका नाउमा र मीलेसीयाका कपतान्का नाउमा सुधरसफा गर्नालाई सीपाहीस्मेत् दीनु भंन्ये र अदालतका डिट्ठा बिचारीहरुका नाउमा सनद गरिबक्स्या काम चल्दो हो प्रभु जो मर्जी हुकुम् भनी ४२ साल प्र. जेष्टसुदी ५ रोज ३ मा कोत्या भाजुवीरले षास्मार्फत चढायाको ३८०२ लम्बरका रपोट्मा नीज कोत्या भाजुवीरले लेषेबमोजीम् सनद गरिदीनु. गोर्षा दर्बार सफा गराउनालाई मीलेसीयाका सीपाही पाउदैनन्. अरु बेहोरा सदर भनी यो रपोट् सदर भयापछी पश्चिम गोस्वारामा पठाईदीनुपर्ला भंन्या मुलुकी अडाले बोलेका तोक्मा हुकुम मर्जीका छाप लागी सदर भै आयामुताबीक् श्री ५ म[ा]हीला साहेबज्यू राज हुनालाई गोर्षा तल्लाकोट् दर्बारका पुर्व दक्षिण लंमा रह्याका माल असवाफ सबै उत्तर पश्चिम्का लंमा सारि षाली गरीदीनु भंन्या बेहोराको सनद लेषी छाप लाउन दीयाकोमा सबै षाली गर्नुपर्छ मीलेसीयालाई षरको छाना लाग्याको घर बनाई बस्नु भंन्या लेषी ल्याउनु भनी सोही पुर्जीका पीठ्मा लेषी फिर्ता भै आउदा सोबमोजीम् षरका छाना लाग्याको घर बनाउनालाई हाल अडाअडाका मीलेसीया पल्टं पनी षारेज भैसक्याका हुनाले र कच्ची गोदाम् घर बनाई राषदा सर्कारको गोदाम बक्यौता अदालतका र पल्टंका तलब दर्मा बाड्न्या रुपैञास्मेतका तहबील् रसदसमेत राषनुपर्न्या हुदा बेहीफाजत् भै कुही सडी बीग्रन्या र चोरी डाका लागी सर्कारका ज्मा बीग्रन जान्या हुनाले सो दर्बार सबै षन्याउनालाई साबीक ३६ सालमा अरु पश्चिम ३।४ लम्बा अडामा पक्की कोत गोदाम कचहरी घर बनाउनालाई जीम्मावारी बक्स्याबमोजीम् सो पश्चिम २ लम्बर गोर्षा अडामा पनी छुट्टा पक्कि कोत् गोदाम् कचहरी घर बनाउनालाई चाहीन्या नगद मोरु २०६८ कौसी तोसाषानाबाट जीम्मावारी दीनु भंन्या र बनाई तयार गर्नु भंन्यास्मेत जो चाहीन्या तप्सील्मा लेषियाबमोजीम्को सनद गरिबक्स्याको छ. सोबमोजीम् तीमीले पनी तप्सीलमा लेषीयामाफीकको मद्दत गरि पक्कि कोत गोदाम् क-

३१. चहरि घर बनाई तयार गराई सो दर्बारमा रह्याका तहबील् गोदाम्का रसद र अरू माल
३२. असवाफस्मेत जो भयाको गैन्ह अडास्मेत सो नजा बनायाका ठाउमा सारी दर्बार सबै
३३. षाली गरी चाडो षन्याईदीनु भंन्या पश्चिम् २ लम्बर गोर्षा अडाका कपतान् जुद्धवीर अ-
३४. धीकारी क्षत्रीका नाउमा सनद गरीबक्सनुपर्न्या अैन सवाल सनद नहुदा चोत्तले ठ-
३५. हराञ्यूं भनी पश्चिम गोस्वारा अडाका कर्णेल सुरथजङ्ग राणाबहादुरले हाम्रा हजुरमा बी-
३६. न्ती पार्दा जाहेर भयो. तसर्थ सो ठहरायाबमोजीम् तीमीले पनी तप्सीलमा लेषियामा-
३७. फीकका मद्दत् गरि पक्को कोत गोदाम् कचहरी घर बनाई तयार गराई सो दर्बारमा रह्या-
३८. का तहबील गोदाम्का रसद र अरु माल असवाफस्मेत् जो भयाको गैन्ह अडास्मेत्
३९. सो नजा बनायाका ठाउमा सारी दर्बार सबै षाली गरी चाडो षन्याईदीन्या का-
४०. म गर.
४१. तप्सील
४२. सो पक्कि कोत् गोदाम् कचहरी घर बनाउनालाई चाहीने अरु अडाषा-
४३. नाका नाउमा गरिबक्स्याका सनद ————————————४
४४. सो बनाउन्या कामलाई चाहीन्या नगदी मोरु २०६८ जीम्मा-
४५. वारी दीनु भंन्या कौसी तोसाषानाका नाउमा र जीम्मावारी
४६. ली बनाई तयार गर्नु भंन्या पश्चिम २ लम्बर बक्यौता अडाका
४७. षरीदार भांन्नारांका नाउमा सनद १ स्मेत सनद----------३
४८. सो बनाउन्या कामलाई सिकर्मीनाइके १ भाई ४ जमा ५
४९. र डकर्मी नाईके १ भाइ ३ अवाल लीवन् कर्मी जना ४ स्मे-
४९. त् ज्मा जवान् १३ षटाईदीनु भंन्या छेभडेल्का नाउमा
५०. सनद------------------------------------------१
५१. तीमीले मद्दत् दी गराउने काम्
५२. सोबमोजीम् पक्की कोत् गोदाम् कचहरी घर बनाउनालाई दर्बारका वर-
५३. परसम्म थर बाक्षो जगा भयासम्म बाक्षो जगामा र बाक्षो जगा नभया
५४. अवादीमा भया पनी रैती दुनीजाका गुठी बीर्ताबाहेक सोही दरबार-
५५. का वरपर अरु रैकर षेतबारी जगामा स्मेत जाहा हुन्छ. तीमीहरुका तज-
५६. बीजले असल ठाउको अंजाम गरि बनाउन लाउनु —————— १
५७. सो बनाउदा पन्याका फलाना फलाना षान्गीमा दरीयाको फलाना ठाउं-
५८. का यती जगाको यती कुत ठेक दरीयाको जागीर्दारलाई सट्टा बक्सनुपर्न्या
५९. भंन्या षुलस्ता बेहोराको रपोट् जाहेर गरि पठाउनु र जागिरदारलाई स-
६०. ट्टा भर्ना गरीबक्सौला —————— २
६१. सो बनाउदा षेताला लाउन्या काम्लाई तेस् अडाका वर्ष दीने कम्पनी-
६२. बाट भयासम्मका हुद्दा सीपाहीहरु र सो हुद्दा सीपाहीहरुस्मेत साथ-
६३. मा ली सो बनाउने कामको अषत्यारी भै काम गर्न लाउन्या पक्का सुबे-
६४. दार १ स्मेत् र सो बनाउन्या काम्को आम्दानी षर्च गर्दा साछी बस्न्या

६५. कामलाई सुबेदार १ स्मेत ज्मा सुबेदार जना २ र भयासम्मका बर्ष दी-
६६. ने कंम्पनीका हुद्दा सीपाहीस्मेत् तेस् अडाका मीलेसीया पल्टंबाट
६७. षटाई सो काममा लाउनु — ——————————————— ३
६८. सो कामलाई चाहीन्या काठपात् कटाउदा चाहीदो काठपात् काट्न
६९. दीनु भंन्या तेस् अडाका इलाकाभीत्रका जील्ला थुम गाउका ता-
७०. लुक्दार रैतीहरुका नाउमा साबीक ३६ सालमा भयाका सनदबमो-
७१. जीम् देवताका स्थानमा र पध्यारामाथिका वन्बाहेक रैकर बंद भ-
७२. याका वनका ठेकी नतीरी र बीर्ता गुठीका वन्मा चल्दो आयाबमो-
७३. जीम् ठेकी दी काट्न लाउनु ——————————————— ४
७४. सो बनाउनालाई जो चाहीन्या अरु कामकाजमा पनी तोमीले ब-
७५. राबर हेरचाहा गरी मद्दत् दी बनाई तयार गर्न लाउनू —-— ५
७६. इती सम्वत् १९४२ साल मीती भाद्रसुदी ९ रोज ६ शुभम — —
७७. भाद्रसुदी ९ रोज ६ मा तपसील्बमोजीम्का मानीसले जाचवा मुनसीब ठह्राञ्यू.
७८. पुर्वतर्फका कम्यांडीङ जनरल रणविर जङ्गबहादुर राणा —— १
७९. कम्याडर कर्णेल तेजबहादुर राणा ——————— १
८०. गुरुप्रोहित षजाची वामदेव पंडीतज्यू ——————— १
८१. मुल्की सुब्बा भक्तवीर राजभडारी ——————— १
८२. सुब्बा सिवप्रसाद उपाध्या ——————— १
८३. अैनषानाका राइटर जोगेश्वर जोसी ——————— १

(छेउमा)

सकलबमोजीम् नकल दुरुस्त छ भनी सहीछाप गर्न्या पश्चीम् गोस्वारा अडा
हस्ते पश्चिम गोश्वाराका बहीदार रघुवीर

[यी पत्रका नकल परराष्ट्रमन्त्रालयको ११३ सङख्याको खाममा छन् ।]

(६७ सङख्या)

## वि. सं. १९४२ को जनैपूर्णेको लागि हुने सरकारी खर्चको लगत

१. कौसि तोसाषानाका हाकिम् कारिंदाले पुर्जि हेरि श्रावणसुदि १५ रोज ३ रिषितर्पनिका दिन सर्कारमा
२. डोर चढाउन्या गोरुप्रोहित अैनी पंडीत ब्राह्मणहरुलाई साबिकमा पनि दक्षिणा बक्सी आयाको हुनाले यस
३. सालका रिषितर्पनिमा डोर चढाउन्या गुरुप्रोहीत अैनी पंडीत ब्राह्मणहरुलाई दक्षिणा बक्सणाला-
४. ई तपसीलबमोजीमका रुपैया दीनु भंन्या कौसी तोसाषानाका नाउमा पुर्जि गरी बक्सनुपर्ने मेरा चि-
५. त्तमा लाग्दा सोबमोजीम पुर्जि गरिबक्सनुपर्ने ठहराजां भनि श्रीगुरुप्रोहीत षजांची वामदेव पंडी-
६. तज्यूले हाम्रा हजुरमा बिन्ति चढाउदा जाहेर भयो. तसर्थ सो ठहरायाबमोजीम् यस सालका रिषित-

७. पनिमा सर्कारसर्कारमा डोर चडाउन्या गुरुप्रोहीत अैनि पंडीत ब्राह्मणिहरुलाई दक्षिणा बक्सनाके
८. तपसिलबमोजीम्का ज्मा रु ३०१।। अैन सवालको रीत पुऱ्याई दीन्या काम गर.

९. तपसिल

| | | |
|---|---|---|
| १०. श्री ५ बडामहारानिबाट | | ७० |
| ११. श्रीगुरु द्विजराज पंडीतज्यूके | १० | |
| १२. ऐं लोकराज पंडीतज्यूके | १० | |
| १३. ऐं हेरंमराज पंडीतज्यूके | ६ | |
| १४. ऐं हेमराज पंडीतज्यूके | ६ | |
| १५. ऐं कुवलयराज पंडीतज्यूके | ६ | |
| १६. ऐं तर्कराज पंडीतज्यूके | ६ | |
| १७. श्रीगुरुप्रोहीत अम्बरराज पंडीतज्यूके | ५।। | |
| १८. श्रीगुरुप्रोहीत षजांची वामदेव पंडीतज्यूके | ५।। | |
| १९. ऐं ग्यानेश्वरप्रसाद पंडीतज्यूके | ५ | |
| २०. ऐं भुवनेश्वरप्रसाद पंडीतज्यूके | ५ | |
| २१. ऐं प्रयागराज पंडीतज्यूके | ५ | |
| २२. श्री ५ माहीला बडामहारानिबाट सदर | | ७० |
| २३. श्री ५ वलिअहद ज्येठामहारानिबाट | | ३२ |
| २४. श्रीगुरु द्वीजराज पंडीतज्यूके | ५ | |
| २५. ऐं लोकराज पंडीतज्यूके | ५ | |
| २६. ऐं हेरंमराज पंडीतज्यूके | ३ | |
| २७. ऐं तर्कराज पंडीतज्यूके | ३ | |
| २८. ऐं हेमराज पंडीतज्यूके | ३ | |
| २९. ऐ कुवलयराज पंडीतज्यूके | ३ | |
| ३०. श्रीगुरुप्रोहीत अम्बरराज पंडीतज्यूके | २ | |
| ३१. ऐं षजांची वामदेव पंडीतज्यूके | २ | |
| ३२. श्रीग्यानेश्वर पंडीतज्यूके | २ | |
| ३३. ऐं श्रीभुवनेश्वरप्रसाद पंडीतज्यूके | २ | |
| ३४. ऐं प्रयागराज पंडीतज्यूके | २ | |
| ३५. श्री ५ वलीअहद कांछा महारानिबाट वेहाय सदर | | ३२ |
| ३६. श्रीजेठा सहज्यादीबाट | | १३ |
| ३७. श्रीगुरु लोकराज पंडीतज्यूके | २ | |
| ३८. ऐं द्विजराज पंडीतज्यूके | २ | |
| ३९. ऐ हेरंमराज पंडीतज्यूके | १ | |
| ४०. ऐं कुवलयेराज पंडीतज्यूके | १ | |
| ४१. ऐं तर्कराज पंडीतज्यूके | १ | |

| | |
|---|---|
| ४२. ऐं हेमराज पंडीतज्यूके | १ |
| ४३. ऐं प्रोहीत अमरराज पंडीतज्यूके | १ |
| ४४. ऐं षजांची वामदेव पंडीतज्यूके | १ |
| ४५. ऐं ग्यानेश्वरप्रसाद पंडीतज्यूके | १ |
| ४६. ऐं भुवनेश्वरप्रसाद पंडीतज्यूके | १ |
| ४७. ऐं प्रयागराज पंडीतज्यूके | १ |
| ४८. श्री ५ महाराजधीराजबाट | ८४॥ |
| ४९. श्रीगुरु द्वी[ज]राज पंडीतज्यूके | १० |
| ५०. ऐं लोकराज पंडीतज्यूके | १० |
| ५१. ऐं हेरंमराज पंडीतज्यूके | ६ |
| ५२. ऐ तर्कराज पंडीतज्यूके | ६ |
| ५३. ऐं कुवलयराज पंडीतज्यूके | ६ |
| ५४. ऐं हेमराज ऐं के | ६ |
| ५५. श्रीगुरुप्रोहीत अम्बरराज पंडीतज्यूके | ५॥ |
| ५६. ऐं षजांची वामदेव पंडीतज्यूके | ५॥ |
| ५७. काजि लक्ष्मिभक्त पाध्याके | ५ |
| ५८. पंडित वाचस्पति पंतके | ५॥ |
| ५९. ऐं श्रीधर पंडीतके | ५ |
| ६०. सुब्बा षडानन्द पाध्याके | ५ |
| ६१. प्रोहीत मेघराज पंडीतके | ५ |
| ६२. ऐं सिवराज पंडीतके | ५ |
| ६३. पंडीत लीलानाथ ऐं के | ५ |
| ६४. सुब्बा बृहस्पति पाध्याके | ४ |
| ६५. ऐं धर्मदत्त पाध्याके | ४ |
| ६६. पंडीत नारानदत्त ऐं के | ४॥ |
| ६७. ऐं नरनाथ नेपालके | ४ |
| ६८. ऐं नरनाथ सुवेदीके | ४ |
| ६९. ऐं योगप्रदी पंडीतके | ४ |
| ७०. ऐं दुर्गानाथ ऐं के | ४ |
| ७१. ऐं पुण्येनाथ ऐं के | ३॥ |
| ७२. ऐं देवीभक्त ऐं के | ३॥ |
| ७३. षरीदार इसाराम जोसिके | ३ |
| ७४. ऐं वीश्वनाथ पाडेके | ३ |
| ७५. ऐं रुद्रदेव लोहनिके | २ |
| ७६. बहीदार कृष्णलाल पाध्याके | २ |
| ७७. पंडीत हरिसर्म पनेरुके | २ |

७८. ऐं रुद्रकांत ऐं के २
७९. बोड्यानाथ चालीस्याके २॥
८०. मिरसुबा वारकृष्ण राजगुरुघराना पंडीतज्यूके ४
८१. श्रीगुरुप्रोहीत ग्यानेश्वरप्रसाद पंडीतज्यूके ५
८२. ऐं भुवनेश्वरप्रसाद ऐं के ५
८३. ऐं प्रयागराज पंडीतके ५
८४. चंद्रदत्त पंडीतके ३
८५. श्री ५ साहाज्यादीके नञा नेपाली बाकला अर्साफ थान् १
८६. श्री ५ बलीअहद महाराजका भीत्र्यानीतर्फका सँञा ४ के दर ५ ले २०
८७. तेरीज
८८. नञा नेपाली बाकला असर्फी थान् मोहरु १
८९. मोहरु ३००॥
९०. ३०१॥
९१. इति संम्वत् १९४२ साल मिति भाद्रसुदी ६ रोज ३ शुभम् – – –
९२. भाद्रशुदी ६ रोज ३ मा तपसिलबमोजीम्का मानीसले जाचदा मुनासीब ठहराज्यू.
९३. श्री – – – – – – – – – – – – – – – १
९४. कम्यांडर कर्णेल तेजबहादूर राणा ------ १
९५. गुरुप्रोहीत षजांची वामदेव पंडीतज्यू ------ १
९६. मुलुकी सुब्बा भक्तवीर राजभंडारी ------ १
९७. सुब्बा शिवप्रसाद पाध्या ----- १
९८. अैनषानाका सुब्बा गंगानाथ पंडीतज्यू ----- १

(छेउमा)

सकलबमोजीं नकल दुरुस्त छ भनी षरीदार देवीदासले सहीछाप गरेको

[यस पत्रको नकल परराष्ट्रमन्त्रालयको ११४ सङ्ख्याको खाममा छ ।
रणवीरजङ्गले अङ्ग्रेजीमा आर् बी लेखी सही गरेका छन् । तेजबहादुर, वामदेव, भक्तवीर र गङ्गानाथको छाप लगाइएको छ ।]

(६८ सङ्ख्या)

## नुवाकोटका देवीहरूको मन्दिरको मरम्मतको लागि काठ झिकाइएको कुरा परेको पत्र

| श्रीभैरवी | श्रीभगवती | श्रीबुढिदेवता | श्रीतलेज्यु |
|---|---|---|---|
| १ | २ | ३ | ४ |

१. षिच्यात बगैचाका हाकिम कालिन्दाले पुर्जि [हे]री नुवाकोट् १ २ ३ ४ का देवालय

२. भत्के बिग्रेको सजी बनाउनालाइ चाहिन्या थाम् गोटा १०० तेस खिच्यात बगैचाको बा-
३. सका ठाना नबिग्रने गरी अत्तर संतर पारी काटि पश्चीम १ लम्बर जंगिपरेट्का कप-
४. तान् छत्रसिं षडका क्षेत्रीले लिन पठायाका मानिस्को हस्ते दिन्या काम गर. इति सम्वत्
५. १९४९ साल मिति फागुणसुदि १५ रोज ५ शुभम् ———————————————

[यस पत्रको नकल नुवाकोट भैरवीका धामी श्रीहरिमानसिंह डङ्गोलको सङग्रहमा छ ।]

(६९ सङख्या)

## श्री ५ त्रिभुवनको राज्याभिषेकमा नुवाकोटका धामी बोलाइएको कुरा परेको पत्र

श्रीः

श्री ५ महाराजाधीराज

१. स्वस्ति श्रीमदतिप्रचण्डभुजडण्डेत्यादी श्रीश्रीश्रीमहाराज मेजरजनरल सर चन्द्र-
२. सम्सेर जङ्गबाहादुर राणा जि. सी. बी. जी. सी. येस. आई. जि. सी. भी. ओ. ऐंण्ड
३. डी. सी. येल. आनरेरी कर्णेल फोर्थ गोर्खाज थोङ लिङ पीम्मा फोकाङ वा-
४. ङ स्यान् प्राईम्मीनीष्टर आँन्द मार्शेलकस्य रुक्का ———————————
५. स्वस्ति श्रीसद्राजकुमारकुमारात्मज श्रीक-
६. म्यान्दर इनचीफ जनरल सर भीमसम्सेर
७. जङ्गबाहादुर राणा के. सी. भी. ओ. कस्य पत्र-
८. म्
९. आगे नुवाकोट्का धामीके यथोचीत्त.
१०. उप्रान्त यो साल फागुण ८ गते रोज ४ का
११. दीन – – – को राज्याभिषेक हुने सायेत् हु-
१२. नाले सो बषत् तीमीले पनी हाजीर हुन आउनुपर्नेछ. ३८ सालका राज्याभी-
१३. षेकमा पनी आयाको देखीयाको हुनाले सो बखत् जस्तो लुगा लगाई आया-
१४. को थीयो. हाल पनी सोहीबमोजीम्को लुगा तयार गरी सो राज्याभी-
१५. षेक हुने फागुण ८ गते भंडा ३ दीन अघी नेपाल पुग्ने गरी आउन्या
१६. काम गर. इती सम्वत् १९६९ साल भाद्र २४ गते रोज १ शुभ———

[यस पत्रको सकल नुवाकोट भैरवीका धामी श्रीहरिमानसिंह डङ्गोलको सङग्रहमा छ ।

पत्रको शुरूमा चन्द्रशमशेर, भीमशमशेर, रुद्रशमशेर, प्रतापजङ्ग, ढुण्ढिराज र गङ्गाराजको छाप लगाइएको छ ।]

(७० सङ्ख्या)

# चिनिया लामाको वि. सं. १९८६ को जाहेरी

छापमा–
श्री
पुण्यवज्र
७०

श्रीः

१. बिन्तीपत्र जाहेरी
२. उप्रांत महाराज करुनानीधां धर्मवतार प्रभु चिन् पेकीं सहर बस्न्या मिङु ताउ
३. काई चिनिया कुचि चिनिया वाङ येंथाउ भंन्ये चिनिया ३ जना आई बौधमंदीर-
४. मा बस्येको थियो. उनीहरूको चाल् बुझ्दा २ जना चाई षाली बुद्धमत्को भिक्षु
५. रहेछ. १ जना चाई अङ्गरेजी बोल्न लेषन जानेको रहेछ. दोमस्ये गरनुलाई ल्याये-
६. को रहेछ. ईनीहरूले प्रिङ्टीं गरने सारदं र फोटो षिजने क्येमरा २ समेत् रहेछ.
७. काठमाढौको हनुमांढोकाको ढुङ्गमा षोपी राखेको अछेरहरू छापनु पाये हुदो
८. हो भनि भंछं. ईनीहरूले श्री ३ महाराजको दरसं गरनु ईच्छ गरद रहेछ. तरह
९. ईनीहरूको आसाई बुझ्दा केही सर्कारलाई झिजो बिन्ती चढाउने मतलब्
१०. अरथात केही माग्ने रहेछ. सैले श्री ३ महाराजको दरसं गरन मुस्कील् हुंन्छ.
११. किनभने वर्षमास्को यांमा टाड देस्को मानीस्हरूलाई जो कोही हो
१२. येकासी दरवारभीत्र हुल्दंन. रोज(ग)ब्यादी आउछं भंन्ये मतलबले हो
१३. भनि भन्ये. फेरी उनी २ ले भन्यो. हामीहरू नेपाल्मा आउने मतलब् षाली
१४. के धर्ममा चल्छ. पुरान संस्क्रतको किताप् हेरन पाये हुदो हो. जहा
१५. नेपाल्मा लाइब्रेरी छ छैन. भये हेरन पाये हुदो हो भनि निजहरुले
१६. भंदा भयेको बेहोरा जाहेर गर्न आयेको छु. प्रभु निजहरु नेपाल बसीं-
१७. ज्याल् चाल् बेवहार बुझी सर्कारमा बराबर जाहेर गर्नेछु. प्रभु जो मर्जि
१८. हुकुं — — —
१९. ईत सदा सेवक ताबेदार पुण्यवज्र चिनिया लामा
२०. कोटी कुर्णेश ———३
२१. ईती सम्वत १९८६ साल् श्रावण २१ गते रोज २ शुभं

[यस पत्रको सकल परराष्ट्रमन्त्रालयमा छ ।

१८–१९ पङ्क्तिका बीचमा छाप लगाइएको छ ।

८ पङ्क्ति र १० पङ्क्तिमा लेखिएको श्री ३ महाराजको मुनि धर्को दिइएको छ ।]

मूलमा अस्पष्ट भएको अर्थ बुझाउन ( ) कोष्ठ, अक्षरै टुटेकोमा [ ] कोष्ठ, पत्र फाटी अक्षर नबुझिने भएकोमा ∠7 कोष्ठको प्रयोग गरिएको छ ।

# सोह्रौँ वर्षको आम्दानीखर्चको विवरण

| | | |
|---|---|---|
| **आम्दानी** | | १९००८।१८ |
| मदनपुरस्कारपुस्तकालयबाट संशोधन – मण्डलले पाएको अर्थसहायता | ५००। | |
| पूर्णिमाको बिक्रीबाट | १७१५।३० | |
| बुद्धिविनोदप्रश्नावली र त्यसको उत्तरको बिक्रीबाट | १७।५० | |
| नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्यको बिक्रीबाट | २८।७७ | |
| श्री ३ महाराज पद्मशमशेरको कुराको बिक्रीबाट | २१।६० | |
| पञ्चाङ्ग–संशोधनको बिक्रीबाट | ३४।५० | |
| वृत्तशतकको बिक्रीबाट | ९।३० | |
| विद्या – रक्षाको बिक्रीबाट | ६३। | |
| रत्नदीपको बिक्रीबाट | ५।७५ | |
| अभिलेख–सङ्ग्रहको बिक्रीबाट | ८।५० | |
| सावधान–पत्रको बिक्रीबाट | ४१।२५ | |
| इतिहास–संशोधनको बिक्रीबाट | ८१।५५ | |
| द्वितीय राष्ट्रिय पुस्तकप्रदर्शनीमा संशोधन–मण्डलका कृति बिक्री हुँदा | २८९९।७० | |
| श्रीगुरु पं. नयराज पन्तबाट संशोधन-मण्डलले पाएको अर्थसहायता (नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट आएको १ महीनाको तलब) | ३१७५। | |
| महेशराज पन्तबाट संशोधन–मण्डलले पाएको अर्थसहायता | १७५०। | |
| महेशराज पन्तको लेख रसक्रममा छापिएबापत आएको | १००। | |
| महेशराज पन्तको ह्वाट् डिड् अंशुवर्मन् राइट् ? को बिक्रीबाट | १६०। | |
| महेशराज पन्तको इनेप्ट् स्पेसिमेन् ? को बिक्रीबाट | ७६। | |
| दिनेशराज पन्तबाट संशोधन–मण्डलले पाएको अर्थसहायता | ४५०। | |
| बचतखाताको ब्याज | १७८।६९ | |
| पोहोरको बाँकी (पूर्णिमा ६३ अङ्कमा प्रकाशित) | ७६९१।७७ | |
| **खर्च** | | १०७४७।४६ |
| पूर्णिमा ६१ अङ्कमा | २३४२।८० | |
| पूर्णिमा ६२ अङ्कमा | २५३०।२० | |
| पूर्णिमा ६३ अङ्कमा | २१६९।८० | |
| पूर्णिमा ६४ अङ्कमा | २५९०।८४ | |
| संस्थानवीकरण | २५। | |
| द्वितीय राष्ट्रिय पुस्तकप्रदर्शनीमा भएको खर्च | १००१।१२ | |
| अरू | ८७।७० | |
| **बाँको** | | ८२६०।७२ |

पूर्णिमा (इतिहास–प्रधान त्रैमासिक पत्रिका) का. मे. अ. द. नं. १५५/२४९

कार्यालय–

संशोधन–मण्डल

१०/३७४ वटु सवलबहाल, काठमाडौं, नेपाल

वि. सं. २०४२ मार्ग

यस अङ्कको मूल्य रु. २०।–

मुद्रक—

लुष प्रेस

ख १, ३७३ काठमाडौं—१